*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२०

बिक्रम सम्बत् २०७७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**5th JULY 2020**


| वर्ष- ३८ | अङ्क- ३ | असार पुन्हि | असार २०७७ |
|---|---|---|---|


अनर्थ पदले युक्त हजारौं कुरा गर्नुभन्दा अर्थयुक्त एउटा मात्र भएपनि कुरा गर्नु उत्तम हुनेछ जुन कुरा सुनेर शान्ति प्राप्त गर्न सकिनेछ ।

संग्राममा गई हजारौं सैनिकलाई पराजित गर्न सक्ने व्यक्ति भन्दा आफ्नो मन एउटालाई पराजित गर्न सक्ने व्यक्तिलाई संग्रामजित भन्न सकिनेछ ।

अरूलाई पराजित गर्नु भन्दा आफुले आफैलाई पराजित गर्ने (आफ्नो मनलाई आफ्नो अधिनमा राख्न सक्ने) कार्य उत्तम हुनेछ । सर्वदा संयमी भई आत्म दमन गर्ने व्यक्तिलाई देव गन्धर्व, मार र ब्रह्माले पनि पराजित गर्न सक्ने छैन ।

महिनौं सयौं, हजारौं रकम खर्च गरी यज्ञ-होम गरेर संचय गरेको पुण्य भन्दा, परिशुद्ध चित्त भएको व्यक्तिलाई केही छिन मात्र पूजा सत्कार गरेको कार्यको पुण्य फल उत्तम हुनेछ ।


Downloaded from http://www.dhamma.digital

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - असार पूर्णिमा ठीक तरिकाले मनाऔं | – | ३ |
| ३) | भगवान् बुद्धया उपदेश- जुजु प्रसेनजितयात | – कृष्ण किपू | ४ |
| ४) | धर्मचक्र प्रवर्तन सूत्र | – सत्यनारायण गोयन्का | ५ |
| ५) | कल्पवृक्ष र लोकोत्तर सम्पत्ति | – पूर्णमान महर्जन | ९ |
| ६) | भिक्षुणी धम्मवती गुरुमां | – भिक्षुणी शुभवती गुरुमां | ११ |
| ७) | वा वा पासापिं | – माधवी गुरुमां | १६ |
| ८) | प्रव्रजित गुबलें पतन जुइमखु | – सुनिता मानन्धर | १७ |
| ९) | साधुवाद ! | – | १८ |
| १०) | धर्मकीर्ति विहार–गतिविधि | – | १९ |
| ११) | धर्म प्रचार–समाचार | – | २४ |


## सूचना ! सूचना !! सूचना !!!



धर्मकीर्ति विहारका संस्थापिका अध्यक्ष शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित **भिक्षुणी धम्मवती गुरूमांको ८७ औं जन्मोत्सव**को उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट मिति २०७७ असार १६ गते मंगलबार देखि अभिधर्म पाठ र धर्मदेशना भइरहेको छ। अभिधर्म पाठ र धर्मदेशना श्रवण गरी पुण्य सञ्चय गरिदिनु हुन सम्पूर्ण श्रद्धालु महानुभावहरूलाई सूचित गरिएकोछ। बोधि टेलिभिजन मार्फत पनि यस कार्यक्रमलाई हेर्न र सुन्न सक्नु हुनेछ।

*कार्यक्रम शुरू हुने मिति र समय :*

मिति : २०७७ साल असार १६ गते मंगलबार देखि २३ गते मंगलबार सम्म ।

समय : विहान ७ बजे देखि ९ बजे सम्म

स्थान : धर्मकीर्ति बिहार, श्रीघः नःघः काठमाडौं।

*आयोजक :*

**धर्मकीर्ति विहार परिवार**

श्रीघः नःघः, काठमाडौं।



Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# असार पूर्णिमा ठीक तरिकाले मनाऔं

बैशाख पूर्णिमालाई बुद्ध जीवनी सम्बन्धी पाँच संयोगहरू जुरेको दिनको रुपमा लिइए जस्तै असार पूर्णिमालाई पनि बुद्ध जीवनी सम्बन्धी पाँच संयोगहरू जुरेको दिनको रुपमा नै लिने गरिन्छ। ती घटनाहरू यसरी छन् –

- सिद्धार्थ कुमार हुने व्यक्ति माता महामायादेवीको गर्भमा प्रवेश भएको दिन।

- राजकुमार सिद्धार्थ ज्ञानको खोजीमा लाग्न २९ वर्षको उमेरमा कपिलवस्तुको राजदरबार त्याग गरी अभिनिष्क्रमण गर्नुभएको दिन।

- ३५ वर्षको उमेरमा बुद्धगयामा बोधिज्ञान लाभ गरी बुद्ध हुनुभई दुई महिना पछि आफूले प्राप्त गरेको अमूल्य ज्ञान प्रथमपटक सारनाथको मृगदावनमा रहेका पञ्चभद्रवर्गिय भिक्षुहरूलाई बताई उद्धार गर्नुभएको दिन। अर्को शब्दमा भन्ने हो भने धर्मको चक्र घुमाई जनमानसलाई उद्धार गर्नुभएको दिन।

- तीर्थंकरहरूको अभिमान हटाउनको लागि श्रावस्तीमा भगवान् बुद्ध स्वयंले ऋद्धि प्राप्तिहार्य प्रदर्शन गर्नुभएको दिन।

- शिद्धार्थ कुमारलाई जन्म दिनुभएर ७ दिनपछि दिवंगत हुनुभई तुसिता भूवनमा देवपुत्रको रुपमा जन्मनुभएका आफ्ना माता महामायादेवीलाई त्रावतिंस देवलोकमा गई भगवान् बुद्धले अभिधर्म देशना गर्नुभएको दिन।

बोधिज्ञान प्राप्त गर्नुभएपछि भगवान् बुद्धले पञ्चभद्र वर्गिय भिक्षुहरू (कौण्डञ्य, वप्प, भद्दिय, महानाम र अस्सजित) लाई प्रथम पटक आफूले प्राप्त गरेको ज्ञान असार पूर्णिमाकै दिन देशना गर्नुभएको थियो। त्यसैले असार पूर्णिमाको दिनलाई धर्मको चक्र घुमाईएको दिनको रुपमा लिने गरिन्छ। यही कारणले यसदिन धर्मचक्र पवर्त्तन सूत्र पाठ गरिन्छ।

अब यस सूत्रमा उल्लेख गरिएको ज्ञान बारे संक्षिप्त जानकारी लिऔं।

धर्मचक्र सूत्रमा भगवान् बुद्धले भन्नुभएको छ – हामीले आफ्नो जीवन सफल पार्नको लागि यी दुईवटा अतिमार्गलाई त्याग्नु पर्दछ।

- शारीरिक एवं भौतिक सुख भोगमा मात्र लिप्त रही उक्त सुख प्राप्त गर्नुमा मात्र बेहोशी बनिरहने बानी।

- बाह्य भौतिक सुख त्यागी आफ्नो शरीरलाई दुःख एवं कष्ट दिएमा मात्र क्लेश मुक्त होइन्छ भन्ने गलत धारणा।

यी दुईवटै कार्य सिमाना नाघेका अति मार्ग भएकोले हामीले आफ्नो जीवन सार्थक पार्नका लागि यी दुवै मार्ग त्यागी मध्यम मार्ग अपनाउन भगवान् बुद्धले सल्लाह दिनुभएको छ।

मध्यम मार्ग के हो त ? यस विषयमा केही चर्चा गरौं।

मध्यम मार्ग ८ वटा छन्। त्यसैले यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ।

१) सम्यक दृष्टि :

आफूले जुन नियतले काम गरेको हुन्छ, कुरा गरेको हुन्छ र योजना बनाएको हुन्छ, त्यसको नतिजा आफै भोग्न पर्ने हुन्छ, भोग्न पाउने हुन्छ भन्ने विषयमा भित्री मन देखि विश्वास हुनु।

मन वा चित्तको बसमा गइञ्जेल कहिले पनि शान्ति प्राप्त हुँदैन। यही मनलाई राम्रो कार्यमा लगाई आफ्नो बसमा राख्न सकेमा मात्र मनोबल शक्ति प्रबल हुँदै मनले शान्ति प्राप्त गर्न सक्नेछ भन्ने विषयमा विश्वास हुनु।

आफ्नो शरीरमा चलिरहेको उत्पत्ति विनासको धारलाई भित्री मनले देख्न सक्नु महसूस गर्न सक्नु।

यसरी आफ्नो शरीर भित्रैबाट अनित्यताको धारलाई देख्न सक्ने व्यक्तिले मात्र भौतिक सुखको आसक्तिमा टाँस्ने बानी हटाइ क्लेश निरोध गर्दै जाने मार्ग पत्ता लगाउन सक्नेछ।

क्लेश निरोधको मार्ग पत्ता लगाउन सक्ने व्यक्ति स्वतः नै क्लेशबाट मुक्ति प्राप्त हुने फल लाभी व्यक्ति हुन सक्नेछ।



Downloaded from http://www.dhamma.digital

२) सम्यक संकल्प :

पञ्चकाम सुखमा आसक्ति बस टाँस्ने कार्यबाट टाढा रहने विचार, द्वेष भावबाट टाढा रहने मैत्रीपूर्ण विचार र दुःखी व्यक्तिहरूलाई करूणा सहितको चित्त द्वारा मैत्री पूर्ण सहयोग गर्ने असल विचार ।

३) सम्यक वचन :

आफ्नो नीजि स्वार्थ पूर्तिका लागि अरूलाई दुःख दिने हेतुले झूठो असत्य कुरा गर्ने, चुकली कुरा गर्ने अरूको चित्त दुखाउने गरी कडा शब्द प्रयोग गर्ने, काम नलाग्ने फाल्तु बकवास गरी समय विताउने आदि अकुसल कुराहरू गर्नुबाट अलग्ग रहने बानी ।

४) सम्यक कर्मान्त :

आफ्नो स्वार्थ पूर्ति खातिर प्राणी हिंसा, चोरी कार्य, काम मिथ्याचार आदि जस्ता कुकर्महरू आफ्नो शरीरबाट हुन नदिन सधैं होशियारी पूर्वक असल कार्यहरू गर्न अभ्यासरत रहने ।

५) सम्यक आजीविका :

अन्य प्राणीहरूको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुग्ने गरी व्यापार व्यवसाय गरी आय आर्जन गर्ने ।

६) सम्यक व्यायाम :

आफ्नो मनमा उत्पन्न हुन नपाएका खराव चेतनालाई उत्पन्न नै हुन नदिन मेहनत गर्ने । उत्पन्न भइसकेका खराव चेतनालाई हटाउन, निर्मूल पार्न अभ्यास गर्ने । उत्पन्न भइसकेका (कुशल) असल चेतनालाई अझ बृद्धि गर्दै लान मेहनत गर्ने । उत्पन्न हुन नसकिरहेका (कुशल) असल चेतना, विचारहरूलाई उत्पन्न गर्दै लान मेहनत गर्ने ।

७) सम्यक स्मृति :

आफ्नो शरीरमा उत्पन्न भइरहेका गतिविधिहरूलाई यथार्थ रूपले मनले हेरिरहने । प्रतिकृया नगर्ने ।

शरीरमा भइरहेका सुख दुख वेदनाहरूलाई यथार्थ रूपले मनले हेरिरहने प्रतिकृया नगर्ने ।

चित्तमा उत्पन्न भइरहेका राम्रा नराम्रा भावनाहरूलाई यथार्थ रूपले हेरिहने । प्रतिकृया नगर्ने ।

कुशल (राम्रो) चित्त र अकुशल (नराम्रो) चित्तलाई छुट्टाउँदै कुशल चित्तमा मन लगाइरहने ।

८) सम्यक समाधि :

आफ्नो चित्तलाई निर्वाणको मार्गमा लाग्ने कार्यमा एकाग्र गर्नु नै सम्यक समाधि हो । सम्यक समाधिले पञ्चकाम भोगमा लिप्त रहने आशा, रीसको आवेगमा काम गर्ने वानी अल्छी स्वभाव,अहंभाव पश्चाताप, वेकारको शंकालु स्वभाव आदि ५ वटा अकुशललाई हटाउने कार्य गर्दछ ।

मध्यम मार्गमा लाग्न भगवानबुद्धको माथि उल्लेखित सुझावलाई हामीले आआफ्नो व्यवहारमा ढाल्न सकौं र आषाढ पूर्णिमा ठीक तरिकाले मनाउन सकौं । धर्मकीर्तिको यही कामना रहेको छ ।

## भगवान् बुद्धया उपदेश– जुजु प्रसेनजितयात

✍ **कृष्ण किपू**

कोशल राज्यया जुजु प्रसेनजित
विभिन्न धर्मे मन दुम्ह जुयानं
तथागत बुद्धया उपदेश न्यने धुंकाः
बुद्ध शिक्षा पाखे मन क्वसाल
थःत मछिंगु अवस्था वयसाथ गम्भिर जुयाः
तथागत नाप सहलह याःवनीगु जुल ।
हानं छन्हु तथागत बुद्धया उपदेश न्यनेगु लागि
बुद्ध समक्ष वनाः बिन्ति यानाः धाल
भगवान शास्ताः छःपिनिगु उपदेश न्यनेत वया
तथागतं उपदेश बियाः धयाबिज्यात
महाराज ! प्राणी जगते जुयाच्वंगु दुःख,
लोभ, मोह, अभिमान,क्रोध, अहंकार व इर्ष्या
थुपिं क्लेश पाखें संसार कां जुयाच्वन
धर्म यायगु छखे तयाः धर्मया बारे थ्वीके मफु
थुगु खिउँगु समाजयात तुयूगु जःया स्वाँ हवयक्यमाल
बुद्धया खँ न्यनाजुजु प्रसेनजितं बिन्ति यानाः धाल
छःपिनगु शिक्षाया लँपुई न्हयानाच्वंपिनि दथुई
लोभ, द्वेष, ल्वापु, ख्यापु मदु थः वंथवे प्रेम व सद्भाव
सहःयायगु मानवता भाव शान्तिया सहअस्तित्व दु
उथें जिगु राज्ये छःपिनिगु शिक्षा व उपदेश
तसकंहे आवश्यक जुयाच्वंगुलिं छपिन्त निमन्त्रणा दु ।



Downloaded from http://www.dhamma.digital

# धर्मचक्र-प्रवर्तन सूत्र

✍ सत्यनारायण गोयन्का

धर्मचक्र-प्रवर्तन सूत्र भगवानको शिक्षाको एउटा महत्वपूर्ण सूत्र मात्र होइन, यो सूत्र भगवानको सबभन्दा पहिलो सूत्र भएको कारण यो शुद्ध धर्मको प्रकाशनको पहिलो सूत्र हो । पहिलो पटक कुनै घनघोर अन्धकारमा सूर्योदयको किरण प्रस्फूटन भयो भने धेरै महत्व हुन्छ । अन्धकारमा परेका मानिसहरूको लागि त्यो किरण अत्यन्त महत्वपूर्ण हुन्छ ।

भगवानले आफ्नो उमेरको करीब पैंतालीस वर्षसम्म मानिसहरूलाई जुन शिक्षा सिकाउनु भयो त्यसको सार अथवा मूल उपदेश यसै सूत्रमा आधारित छ ।

भगवानले यो उपदेश वाराणसीको ऋषिपत्तन नामको वनमा देशना गर्नु भएको थियो । ऋषिपत्तनलाई मृग दाय पनि भनिन्छ । भारतको पूरानो भाषा अनुसार पत्तन भन्नाले बन्दरगाहलाई जनाउँछ जस्तो विशाषपत्तन, सुप्पारपत्तन- यी बन्दरगाहहरू थिए । बन्दरगाह भन्नाले सामान वा मानिसहरू ल्याउने ठाउँ, ओराल्ने ठाउँ भन्ने जनाउँछ । पछि समुद्र किनारको ठाउँ मात्र होइन शहरी इलाकामा पनि पत्तन नामाकरण गरिएको पाउँछौं । ऋषिपत्तन- एउटा पवित्र स्थान थियो जहाँ अनेक ऋषिहरू आएर तपस्या गर्दथ्यो । यस्तो मान्यता थियो कि सम्यकसम्बुद्ध भईसकेका, प्रत्येक बुद्ध भईकसेका ब्यक्तिहरूले यहाँ तपश्या गरेका थिए । अनेक देवताहरू आफ्नो ऋद्धिको बलद्वारा आकाश मार्गबाट आएर यहाँ उत्रने गर्दथे । ऋषिहरू एकत्र भएर तप गर्ने ठाउँ भएकोले यस अर्थमा पनि ऋषिपत्तन भनेर चिनिन्थ्यो । त्यस्तै यस स्थानका जति पनि जनावरहरू छन् तिनीहरूको हत्या नगर्ने ठाउँ, उनीहरूले अभय दान पाएको ठाउँको हिसाबले यसलाई मृगदाय भनेर जानिन्थ्यो । मृगहरूले अभयदान पाएको ठाउँ भन्ने बुझाउँछ । आजकल मृगको अर्थ हरीण भनेर जानिन्छ तर पूरानो भाषामा मृगको अर्थ सम्पूर्ण जनावर भन्ने हुन्छ । जस्तो सिंहलाई मृगराज, बाँदरलाई शाखामृग भनिन्थ्यो । जे होस् पशुहरूले अभयदान पाएको स्थान भएकोले नै यस ठाउँलाई मृगदाय भनिन्थ्यो । भगवानले बोधि ज्ञान प्राप्त गरे पछि सात हप्तासम्म त्यही बोधि वृक्ष मुनि वसेर निर्वाणको सुखमा बिताए । सात हप्ता पछि उहाँको मनमा एउटा प्रश्न आयो कि यो गम्भिर धर्मलाई मैले बुझेर म त मुक्त भएँ, यो त साँच्चिकै अत्यन्त गम्भिर छ । संसारका मानिसहरू अनेक, भिन्न भिन्न मान्यताहरूमा यसरी अल्झिएका छन्, उनीहरूको आँखामा यस्तो बाक्लो पर्दाले छाएको छ, उनीहरूले यस धर्मलाई बुझ्न सक्ला ? यस्तो भाव उनको मनमा आयो । त्यस समयमा एकजना ब्रह्माले यो कुरा थाहा पाए । “ओहो, संसारमा यति धेरै मानिसहरू दुःखमा पिसिरहेका छन्, उनीहरू त यस अनुभवबाट वञ्चित हुने भयो” यस्तो सोचेर ब्रह्मा भगवानको सामू प्रकट भए र भगवानलाई विन्ती गरे कि संसारमा साँच्चिकै अन्धकार छ, आ-आफ्नो मान्यतामा अल्झिएका व्यक्तिहरू पनि धेरै छन् । भगवान आफ्नो बोधि नेत्रले हेर्नुस् ती मध्ये केही व्यक्तिहरू त त्यस्ता छन् जस्को पर्दा पातलो छ, कवे ल थोरै काम गर्दैमा तिनीहरूको पर्दा फाटिन्छ, उनीहरूको कल्याण हुन्छ ।

ब्रह्माको कुरा सुनेर भगवान मुस्कुराउनु भयो । अनन्त मैत्री जाग्यो, साँच्चै केही त यस गम्भिर धर्मलाई बुझ्न सक्नेहरू छन्, हेरौं सम्झाएर, त सबभन्दा पहिले कसलाई बुझाउने, कसलाई बताउने, धर्मचक्र प्रवर्तन पहिला कसलाई दिऊँ ? पहिला कसलाई धर्म सिकाऊँ ? योग्य पात्र को छ ?

तथागतको मनमा करुणाको साथ साथै कृतज्ञताको भाव उत्पन्न भयो । सिद्धार्थ कुमारले गृह त्याग गरे पछि आचार्य आलार कलाम र उद्दक रामपुत्र कहाँ क्रमशः सातौं र आठौं ध्यान सिकेका थिए । यी दुबै जना धर्मको लागि योग्य थिए । यस गम्भिर धर्मलाई उनीहरूले राम्ररी बुझ्न सक्नेछन्, यस कल्याणकारी विद्या सिकेर आफ्नो कल्याण गर्नेछन् । आफ्नो बोधिचक्षुले हेर्दा यी दुबै जना मध्ये पहिलोको सात दिन अगाडि र दोस्रोको एक दिन अगाडि मृत्यु भइसकेको थियो । दुबै जना सातौं र आठौं ध्यान समापत्तिका साधक हुनुको कारण अरूप ब्रह्मलोकमा जन्मेका थिए । अरूप ब्रह्मलोकमा विपश्यना कसरी सिकाउने ? सिकाउने व्यक्तिमा दक्षताको अभाव थिएन । यस ब्रह्मलोकमा सम्यक् सम्बुद्धको गति अशक्य थिएन । त्यहाँ गएर सिकाउन सकिन्थ्यो । तर पनि अरूप



Downloaded from http://www.dhamma.digital

ब्रह्लोकका प्राणीहरू विपश्यना गर्न सक्दैनथे । उनीहरूको जीवन बिना रूपको, बिना शरीरको हुन्छ । केवल नाम अर्थात केवल चित्तमात्र भएको जीवन । विपश्यना साधना भने नाम र रूप दुवैको दर्शन गर्ने साधना अर्थात यी दुबैको सम्बन्धमा इन्द्रियले गर्ने कार्य बाट मुक्ति दिने साधना हो । अतः अरूप ब्रह्मलोकका प्राणीहरूले यो साधना गर्न सक्दैनन्, अरू कसैबाट शुरू गर्नु पर्ला ।

फेरि कृतज्ञताको भाव जाग्यो । आफ्ना सहकर्मी कौडिण्य, भद्दिय, वप्प, महानाम र अश्वजितको सम्झना आयो । यी पाँचै जना ब्राह्मणहरूले करीब छः वर्षसम्म सेवा गरेका थिए । दुष्कर तपस्यामा साथ दिएका थिए । हुनतः उनी संग रिसाएर छोडेर गएका थिए तर योग्य पात्र थिए । सद्धर्मलाई बुझेर धारण गरेर मुक्त हुन सक्छन् । उनीहरूबाट नै आरम्भ गर्नु पर्ला भन्ने सोच्नु भयो । उनीहरू त्यस समय वाराणसीको नजीकै ऋषिपत्तन मृगदाय प्रदेशमा बसेका थिए ।

पहिलो पटक धर्मचक्र दिनको लागि भगवान उरूवेला (वोधगया) बाट ऋषिपत्तन मृगदाय (हाल सारनाथ) जानुभयो । पाँचैजना सन्यासीहरूले भगवानलाई टाढैबाट देखे । उनीहरूले पहिलाको विवाद विर्सेका थिएनन् । हेर, यो भ्रष्ट योगी यहाँ आउँदैछ । ब्रत त्यागेर पेट भरी खान-पिउन थालेको, दुर्बल चित्त भएको व्यक्ति । अधिक कष्ट सहन नसकेको कारण तप त्याग्ने, सुख आराम तथा लाभ सत्कारका लोभी । त्याग तपस्याले त सम्यक् सम्बुद्ध बन्न सकेन भने तप-च्युत भएर कसरी बन्न सक्छ ?

यो व्यक्ति हाम्रै तर्फ आउँदैछ । आवोस् तर हामी यिनको केही लाभ सत्कार गर्दैनौं । न उठेर नमस्कार गर्छौं न अगाडि गएर चिवर लिन्छौं । इक्ष्वाकु क्षत्रिय वंशका हुन् अतः आसन मात्र विछ्याइदिने, इच्छा भए बस्छ यसभन्दा बढि केही नगर्ने भन्ने निर्णय गरे ।

भगवान अगाडि आइपुग्नु भयो । उहाँको सारा शरीरमा प्रभामण्डल छाएको थियो । पाँचै जना आकर्षित भए । उहाँको शरीरबाट मैत्रीको तरङ्ग प्रवाहित भइरहेको थियो । उनीहरू प्रभावित भए र एकाएक सबैले उठेर अभिवादन गरे । एकजनाले हातको पात्र र चिवर लिए । एक जनाले आदर पूर्वक आसन विछ्याइदिए । अर्काले खुट्टा धुनको लागि पानी दिए, अर्कोले खुट्टा टेक्न पिर्का राखे र पैताला रगड्ने काठ राखिदिए । भगवान विछ्याइएको आसनमा बस्नु भयो, खुट्टा धुनु भयो र कुराकानी शुरू भयो ।

पाँचै जनाको मनमा अझ पनि सन्देह थियो । भगवानलाई आयुष्मान भनरे सम्बोधन गर्दै थियो । जसरी आज पनि आफू भन्दा कान्छोलाई चिरंजीवी र जेठोलाई पूज्य भन्ने गरिन्छ । त्यस्तै त्यस समयमा पनि कान्छोलाई आयुष्मान अथवा नाम लिएर बोल्ने गर्दथ्यो । तिनीहरूको विचारमा तथागत उमेरमा मात्र होईन ज्ञानको उपलब्धिमा पनि कान्छो थिए । किनभने उनी तपच्यूत भएका थिए ।

भगवानले उनीहरूको भुल सुधार गर्दै भन्नुभयो तथागतलाई नाम लिएर, आयुष्मान भनेर बोलाईदैन । उनी त अब सम्यक् सम्बुद्ध भइसक्यो । तर तिनीहरूलाई विश्वास थिएन । ब्रत उपवासबाट नै मुक्ति हुन्छ भन्ने मान्यतामा उनीहरूको विश्वास थियो त्यसैले भगवानको कुरा सुन्ने पक्षमा नै थिएन । भगवानले फेरि भन्नुभयो “आज भन्दा पहिला कहिले पनि सम्यक् सम्बुद्ध भएको दावी गरेको थिएन, अब भइसकें त्यसलै नै भनीरहेछु ।” यो सनु रे कौडिण्यले सोचे कि सायद यो व्यक्तिले झुठो बोलिरहेको छैन । राजमहलमा राजकुमार हुँदा पनि यिनी सत्यवादि कहलाईन्थ्यो । हामी संगै छः वर्ष रहँदा पनि यिनले कहिले पनि झूठो बोलेन । कसलाई थाहा शायद यिनी साँच्चै सम्यक् सम्बुद्ध भए कि । फेरि भगवानको मुहारमा हेरे, उहाँमा छाएको मैत्री तथा करूणाको आभा देखे र आश्वस्त भए । महापुरुषहरूको शरीरका बत्तीस लक्षणलाई हेरे, आफूले अध्ययन गरेको शास्त्र अनुसार हेरे, झन विश्वास जाग्यो । भगवानको उपदेश सुन्न तयार भए ।

सम्यक सम्बुद्धले दिनुभएको त्यो प्रथम उपदेश के थियो त ? जुन उपदेशले लोकचक्रमा फसिरहेका व्यक्तिहरूलाई धर्मचक्रमा प्रतिष्ठापन गर्ने कार्यको शुभारम्भ गर्नु भयो त्यसैले नै धर्मचक्र प्रवर्तन भनियो । वास्तवमा त यी पाँचजना साथिहरूलाई उपदेश दिनुभएको थियो तर समस्त मानव जातिको दुःख विमुक्तिको लागि भगवान बुद्धको पहिलो मार्ग निर्देशन हुनगयो । यस्को ब्याख्या ब्याकरणमा बिबरण, बिश्लेषणमा ४५ वर्ष सम्म हजारौं उपदेश भए । यो प्रथम उपदेश नै उहाँको समस्त शिक्षाको आधार भयो ।



Downloaded from http://www.dhamma.digital

आऊ बुझौं, त्यो उपदेश के थियो ? कस्तो थियो धर्मचक्र प्रवर्तन ?

पाँचै जना स्रोताहरूको मनमा संदेह थियो कि कठोर तपको मार्ग त्यागेर सिद्धार्थ गौतमले उचित गरेन । अतः उपदेश शुरू गर्नु हुँदै उनीहरू तथा अन्य धेरैको शंका निवारण गर्ने मार्ग प्रशस्त गर्नु भयो ।

कोही व्यक्ति प्रवजित भयो भने सुखद तर काम-भोग र विषय वासनामा उल्झाई राख्ने मार्ग परित्याग गर्दछ । ठीक त्यसको विपरीत शरीरलाई दुःख दिने दुखद मार्ग अपनाउँदछ जुन अध्यात्मको प्रगतिमा बाधक बन्दछ । यी दुबै कठिन मार्ग हुन्, दुबैबाट बच्नु पर्दछ ।

एउटा मार्गलाई भनियो- कामेसु काम सुखल्लिकानुयोगो अर्थात् काम - सुखको दुर्गन्धमा टाँसीरहने यो एक चरम सीमामा रहने मार्ग हो । जुन –

हीनो- हीन छ, नराम्रो छ, तल्लो छ ।

गम्मो- अर्थात् ग्रामीण छ । सुख भोगका सम्पूर्ण साम्रागीहरू हर युगमा शहरीयाहरूलाई नै प्राप्त हुन्छ । तै पनि यो मार्ग नागर होइन ग्रामीण छ, समझदारहरूको होइन, पीछडिएकाहरूको हो ।

पोत्थज्जनिको- अर्थात् यस्तो व्यक्तिहरूको मार्ग शुद्ध धर्मको मार्ग भन्दा भिन्न छ, त्यसैले पुथुजन अर्थात पृथकजन भनियो ।

अनरियो- अर्थात् अनार्यहरूको मार्ग । जुन मार्गमा अगाडि बढेर कहिल्यै पनि आर्य बन्न सक्दैन । अनार्य नै बनीरहन्छ । अर्थात् मुक्तिको पहिलो खुड्किला स्रोतापन्न अवस्थासम्म पनि कहिल्यै पुग्न सक्दैन ।

अनत्थसंहितो- अनर्थ भएको मार्ग हो । यस्तो मार्गमा अगाडि बढ्ने व्यक्ति कहिले पनि आफ्नो भलो गर्न सक्दैन । अर्थ सिद्ध गर्न सक्दैन । अनर्थ नै संग्रह गर्दछ ।

यस्तै प्रकारले दोस्रो कठीन मार्गलाई भनियो- अत्तकिलमथानुयोगो अर्थात आत्मक्लेशको मार्ग । आफूले आफैलाई कुनै न कुनै शारीरिक क्लेशमा उल्झाईराख्ने मार्ग । यो दोस्रो चरमसीमाको मार्ग हो । जुन-

दुक्खो- अर्थात् दुखमय छ । दुःखबाट छुटकारा दिने मार्ग होइन । एक पछि अर्को नयाँ दुःख उत्पन्न गर्ने मार्ग हो ।

अनरियो- यो पनि पहिलेको झैं यस मार्गमा हिंड्ने व्यक्ति कहिले पनि आर्य बन्न सक्दैन, सधैं अनार्य नै हुन्छ ।

अनत्थसंहितो- यो पनि अनर्थकारी मार्ग हो । चरमसीमाका यी दुई अनर्थकारी मार्गहरू त्यागेर तथागतले मध्यमा प्रतिपदा अपनाउनु भयो, चक्खुकरणी अर्थात भासमान सत्यलाई छेदन गरेर परमार्थ सत्य साक्षात्कार गराउने मार्ग अपनाउनु भयो । जुन मार्गले-

ञाणकरणी- प्रत्यक्ष अनुभवको आधारमा सम्यक् ज्ञान प्राप्त गराउँदछ ।

उपसमाय- क्लेशको उपसमन गर्नको लागि, त्यसको क्षय गराउँदछ ।

सम्बोधाय- स्वयं बोधि प्राप्त गराउँदछ ।

निब्बानाय- सउपाधिशेष निर्वाण दर्शन गर्दै निरुषाधिशेष निर्वाणको साक्षात्कार गराउँदछ । जसबाट भवचक्र पूर्णतः नष्ट हुन्छ, पूनर्भव हुँदैन ।

कस्तो छ मध्यममा प्रतिपदा ? कस्तो छ यो मध्यम मार्ग ?

यसलाई आर्य अष्टाङ्गिक अथवा आठ अंग भएको मार्ग भनिन्छ । यस मार्गमा अगाडि बढ्ने प्रत्येक व्यक्ति आर्य बन्दछ । प्रत्येक बन्दी मुक्त हुन्छ, दुःखी व्यक्ति दुःखमुक्त हुन्छ ।

यी आठ अंग हुन् – सम्यक् दर्शन- भ्रम-भ्रान्तिबाट छुट्कारा पाएर शरीर र चित्तको यथार्थ स्वभावलाई स्वानभुव द्वारा सम्यक् रूपले, साक्षीभावले हेर्दै इन्द्रियातीत, भवातीत, लोकातीत परम सत्यको साक्षात्कार गराउँछ ।

सम्यक् संकल्प- संकल्प-विकल्प, चिन्तन-मनन शुद्ध गराउँछ । राग-द्वेष र हिंसा आदि भावबाट टाढा रहनु पर्छ, यसको लागि साधक दृढ रहनुपर्छ ।

सम्यक् वाणी- झूठो, कडा बोल्नु, निंदा गर्नु र ब्यर्थको कुरा गर्नुबाट अलग रहेर सम्यक् बनाउँछ ।

सम्यक् कर्मान्त- हत्या, चोरी, मैथुन जस्ता शारीरिक दुष्कर्मबाट अलग रहन सिकाउँछ । भिक्षुले गहृस्थलाई चाप्लुसी गर्ने तथा अन्य गलत कामबाट अलग रहन सिकाउँछ । गृहस्थ अन्य प्राणिहरूलाई हानि पुऱ्याउने आजीविका बाट बच्नु पर्छ ।

सम्यक् ब्यायाम- दुर्गुण निकाल्ने तथा आउन नै नदिने र सद्‌गुण ल्याउने, बढाउने काममा संधै प्रयत्नशील बनाउँछ ।



Downloaded from http://www.dhamma.digital

सम्यक् स्मृति- नाम र रूप प्रपंचको प्रति सधैं जागरूक बनाउँछ।

सम्यक् समाधि- यसरी सजग हुँदै साधक सम्यक् रूपले समाधिस्थ हुन सक्छ।

यो मध्यममा प्रतिपदा सम्यक् छ, संयमित छ, संतुलित छ। यस मध्यम मार्गलाई आर्य अष्टाङ्गिक अथवा आठ अंग भएको मार्ग भनिन्छ। यस मार्गमा अगाडि बढ्ने प्रत्येक व्यक्ति दुःख मुक्त हुन्छ। केवल यी मार्गहरूको चर्चा परिचर्चा मात्र गरिरऱ्यो, आफ्नो अनुभवले जानने भने यो पनि सम्यक हुँदै नै, अतः यसलाई पनि आफ्नो अनुभवले जान्नु पर्दछ तब मात्र मिथ्या हुन पाउँदैन। यी अतिका मार्गहरूलाई परित्याग गरेमा नै सम्यक मार्गमा अगाडि बढ्न सक्छ।

भगवानले अगाडि भन्नु भयो यी चार आर्यसत्य भनेको के हो ? मध्यम मार्गमा यसैले नै चल्नु पर्छ ता कि यो चार सत्य अनुभव गर्न सकुन्। यस मध्यम मार्गमा हिँड्ने व्यक्तिले नै यस चार- आर्यसत्यलाई अनुभव गर्दछ। यस मार्गमा अगाडि बढेन भने अनुभव हुँदैन र अनुभव भएन भने सम्यक हुँदैन।

पहिलो सत्य हो दुःख सत्य। दुःख स्वयं एउटा आर्य सत्य हो। आर्य भनेको के हो ? जुन सत्यलाई साक्षात्कार गरे पछि अनार्य व्यक्ति आर्य हुन्छ। आर्य अष्टाङ्गिक मार्गमा अगाडि बढे पछि अनार्य ब्यक्ति आर्य हुन्छ, निर्मल हुन्छ, सन्त हुन्छ। जस्ले विकारलाई निकालिसक्यो त्यस्तो ब्यक्तिलाई आर्य भनिन्छ र जस्ले विकार निकाल्ने कुनै काम गर्दैन त्यस्तो ब्यक्तिलाई अनार्य भनिन्छ। अनार्य ब्यक्ति आर्य हुनको लागि पहिला यस मार्गमा अगाडि बढ्नु पऱ्यो, यस मार्गमा चलेर जुन पहिलो सत्यको दर्शन हुन्छ त्यही दुःख आर्यसत्य हो। दुःख अनुभव गर्नु, दुःखको सत्यलाई भोग्नुले हामीलाई अनार्य नै बनाई राख्छ। दुःखको सत्य त्यस्तो सत्य हो जुन थोरै मान्छेले मात्र अनुभव गर्दैन, यो त जीवनको स्थूल सत्य हो। प्रत्येक व्यक्ति जीवनमा कुनै न कुनै दुःखमा परीरहेका हुन्छन्, कि उनीहरू दुःख भोगीरहेका हुन्छन्, ब्याकुल भईरहेका हुन्छन्, जब दुःख अगाडि आईपर्छन् तब ब्याकुल हुन्छन्। तर जब यस दुःखलाई तटस्थभावले हेर्न थाल्छन्, त्यसको सही स्वभाव कस्तो छ हेर्यौं भने त्यसकै सहारामा दुःख सत्य थाहापाउँछ, र आर्य सत्य हुन्छ। दुःख के हो त ?

जाती पि दुक्खा, जरा पि दुक्खा,
ब्याधी पि दुक्खो, मरणं पि दुक्खं।
अप्पीयही सम्पयोगो दुक्खो,
पीयही विप्पयोगो दुक्खो।
यं पि इच्छं नलभती तम्पि दुक्खं,
संक्खित्तेन पञ्चउपादान खन्धा दुक्खा॥

जन्म हुनु दुःख हो, बूढो हुनु दुःख हो, रोगी हुनु दुःख हो, मृत्यु हुनु दुःख हो, अप्रिय संग बस्नु दुःख हो, प्रिय बाट बिछद्नु दुःख हो, आफूले चाहेको ब्यक्ति, वस्तु अप्राप्त हुनु दुःख हो। अगाडि बढ्दै गयो भने थाहा हुन्छ कि छोट्करीमा भन्ने हो भने यो पञ्च उपादान स्कन्ध जुन छ त्यही नै दुःख हो। पाँच उपादान र यसबाट तयार भएको पाँच स्कन्ध, त्यसको प्रति जुन उपादान, जुन चिप्काव छ, आसक्ति छ त्यही दुःख हो। रुप, विज्ञान, वेदना, संज्ञा, सस्कार यी पाँच स्कन्धलाई मेरो मेरो भन्दै यति गहिरो आसक्ति बनाउँछौं। जति जति आसक्ति बढ्दै जान्छ त्यति त्यति नै पाँच स्कन्धको निर्माण गर्दै जान्छौं बनाउँदै जान्छौं र जति जति यी पाँच स्कन्ध बढ्दै जान्छ त्यति त्यति नै आसक्ति बढ्दै जान्छ। यसरी यी दुबै एकले अर्कोलाई बल दिन्छ र हाम्रो दुःख पनि बढ्दै जान्छ। जुन सुकै योनीमा जन्म भए पनि हाम्रो दुःखको अन्त हुँदैन किनकि हाम्रो जुन आसक्ति छ त्यो बढ्दै छ। यो पञ्चस्कन्धको प्रति जुन उपादान छ त्यसबाट खुव सुखको अनुभव हुन्छ, शान्ति प्राप्त हुन्छ तर उपादान कायम भइरहेको हुन्छ, यो म हुँ, यो शान्ति मलाई छ भन्ने भाव आउँछ। म हुँ, मेरो हो भन्ने भाव सूक्ष्म रुपमा चल्दैरहन्छ। पछि बुझ्न थाल्छ कि यो नै दुःख हो। जुन स्थूल, स्थूल दुःख छन् त्यसलाई मानेर दुःखबाट बाहिर आउन सक्दैन। जुन बाहिरी सुख छ जुन बाहिरी दुनियाँले सुख भनेर भनिन्छ, त्यही सुख झैं लाग्छ किनकी यो पञ्चस्कन्धको क्षेत्र नै हो। यस क्षेत्रमा जतिसुकै शान्ति प्राप्त भएपनि, प्रशब्धि प्राप्त भए पनि त्यो अनित्य नै हो। यो अनित्य प्रतिको आसक्तिले फेरि पञ्चस्कन्धको नै वृद्धि हुन्छ। बस, यस सत्यलाई आफ्नो अनुभवले थाहापाउन सक्यौं, जान्न सक्यौं भने यो पहिलो दुःख सत्यलाई दर्शन गरेको भयो।

*(साभार- बु.व. २५४८, असार २०६१, व.२१, अ.३)*

*क्रमशः ...*



Downloaded from http://www.dhamma.digital

# कल्पवृक्ष र लोकोत्तर सम्पत्ति

✍ **पूर्णमान महर्जन**

मूल विषयमा प्रवेश गर्नु भन्दापहिले कल्पवृक्षको सम्बन्धमा केही शब्दहरू खर्चिनु आवश्यक र सान्दर्भिक देखिएकोले कलमलाई त्यतैतिर लगिरहेको छुँ। विशेष कामले एकजना यात्री यात्रा गरिरहेको थियो। चर्को घामको कारणले शरीरमा खलखल पसिना आइरहेको थियो लामो हिडाईको कारणले थकान महसुस भयो र एउटा रूखको छाहारीमा बसेर आराम लिए। रूखको छायाँमा बस्दै गर्दा केही खानेकुरा पाए हुन्थ्यो भनी वरपर हेर्न थाले। एकै छिनमा एउटी अप्सरा प्रकट भई सुवर्ण थालीमा अति मिष्ठान भोजन ल्याएर त्यस यात्रीको अगाडि राखिन्। पेटभरिको मिष्ठान भोजनपछि त्यस व्यक्तिलाई लेटिन मन लाग्यो र क्षणमै सुन्दर तकिया डसना देखा परे। त्यसमा आरामले लेटिए। २,३ घण्टाको सुताइपछि उसलाई प्यास लाग्यो र पिउने पानी भए हुन्थ्यो भनी सोच्ने बित्तिकै सुगन्धयुक्त गुलाबी जल आईपुग्यो। जल पिउँदा पिउँदै उसले सोचे कि मामिला के हो ? पहिला सुवर्ण थालीमा मिष्ठान भोजन दोश्रो पटक सुन्दर तकियासहित डसना अनि तेश्रो पटक गुलाबी जल आउनुका कारण भूतप्रेतले गर्दा त होइन ? कतै यहाँ भूतप्रेत त छैन ? यति मनमा आउने बित्तिकै चारैतिर भूतप्रेतहरू देखा परे। भूतप्रेत देखेर यिनीहरूले मलाई मार्ने त होइन ? भनी विचार गरे लगतै उसलाई मारे पनि। यात्रीले रूखमुनि बसेर जस्तो सोचे त्यस्तै भयो।

यो थियो एउटा कल्पवृक्षसँग सम्बन्धित उदाहरण। कल्पवृक्ष भनेको त्यस्तो रूख हो। जस्को छत्रछायामा बसेर जस्तो कल्पना गर्दछ, त्यो पुरा हुन्छ। अर्थात इच्छा, आकाँक्षा अनि चिताएको कुरा तत्क्षणमा नै पुरा गरिदिने अलौकिक रूखलाई कल्पवृक्ष भनिन्छ। कल्पवृक्ष यथार्थ सत्य होइन। यो मानिसको आकाँक्षासित मात्र सम्बन्धित छ। यो एउटा आलसीहरूको कल्पना मात्र हो।

मनुष्य लोक, देवलोक र ब्रह्मलोकलाई सुगति भनिन्छ। धेरै भन्दा धेरै मानिसहरू मृत्युपछि देवलोक र ब्रह्मलोक प्राप्तिको कामना गर्दछन्। कामनाले मात्र हुँदैन। छ वटा देवलोकका देवताहरू, इन्द्र आदिले मनुष्य लोकमै देवधर्मको बिउ रोपेर मृत्यु भएको कारणले देवलोकको सुख प्राप्त गरेका हुन्। बीसवटा ब्रह्मलोकका ब्रह्माहरूले पनि मनुष्य लोकमै जग हाली ब्रह्मत्व प्राप्त गरेका हुन्। यसरी नै मनुष्य लोकमा साहु, महाजन, राजामहाराजा आदि जसले सामान्य मानिसले भन्दा बढी भौतिक सुखसयलमा रहेका छन्, ले पनि पूर्वजन्ममा मनुष्य लोकमा नै तुलनात्मक रूपमा राम्रो बिउ राखेकै कारणले त्यसको फल प्राप्त गरेका हुन्। लोकोत्तर सम्पत्ति आर्जन गरेका स्रोतापन्न, सकृदागामी, अनागामी र अर्हन्तहरूले शील, समाधि र प्रज्ञाको बोधिबिउ रोपी सुरक्षा गरेर गएकै कारणले सो सम्पत्ति प्राप्त गर्न सकेका हुन्। त्यसैले मनुष्यभूमि भनेको यथार्थ कल्पवृक्षसमान हो, जहाँ मानिस, देव ब्रह्माका लौकिक र लोकोत्तर सुख आदि-जे-जति छन्, ती सबै मनुष्यभूमिमा हुँदा राखेको बिउ राम्ररी उम्रेर फलेका फल हुन्।

लौकिक/भौतिक सुख सम्पत्तिको आशा गर्नु सामान्य मानिसको स्वभाव हो। स्थावर (घर, जग्गा) जङ्गम (गरगहना, नगद, विविध वस्तुहरू आदि) र अङ्गसम (शरीरको अङ्ग जस्तै सँगसँगै आउने शिल्प विद्या) लौकिक सम्पत्ति हुन्। मृत्यु सँगसँगै छाडेर जानु पर्ने सम्पत्ति हो। शील, समाधि र प्रज्ञा लोकोत्तर सम्पत्ति हो, जसले जन्मौं जन्मसम्म अर्थात जन्म, जरा, व्याधि र मरणसहित निर्वाणमा नपुगेसम्म पच्छ्याइरहेको हुन्छ। परम सुख या लोकोत्तर सम्पत्तिको आकाँक्षा राख्नेहरू नङ्गमा रहेको धुलोसमान अत्यन्त अल्प मात्र हुन्छन्। उनीहरूले मनुष्य जन्मको दुर्लभता थाहा पाइराख्छन्। संसारको चक्रलाई ठूलो दुःख र पीडा सम्झन्छन्। भौतिक सम्पत्तिमा मात्र आसक्त भई कर्म गर्नाले भवसागरबाट पार हुँदैन। त्यसैले भौतिक सम्पत्तिलाई तुच्छ मानी तथागत सम्यक्सम्बुद्धको मध्यम मार्गलाई आत्मसात गर्दछन्। मनुष्यजुनी भनेको मात्र धर्म र लोकोत्तर सम्पत्ति अभिवृद्धि गर्ने यथार्थ कल्पवृक्ष हो। त्यसैले त्यही अनुरूप जीवन अर्पण गर्दछन्। भगवान् बुद्धको समयमा करिब ८० प्रतिशत भिक्षु एवम् भिक्षुणीहरूले लोकोत्तर सम्पत्ति आर्जन गरेर गएको कुरा ग्रन्थहरूमा उल्लेख छ।

लोकोत्तर र लौकिक सम्पत्तिमा मात्र चित्त लगाउने



Downloaded from http://www.dhamma.digital

नभई अरू पनि मानिसहरू छन् । संक्षेपमा मनुष्य लोकमा निम्न चार प्रकारका मानिसहरू छन्–

(क) धर्ममा अधिक चित्त अभिवृद्धि गरी लौकिकमा कम हुने

(ख) लौकिकमा अधिक चित्त अभिवृद्धि गरी धर्ममा कम हुने

(ग) धर्म र लौकिकमा बराबर चित्त हुने र

(घ) दुबैबाट अलग भई निरर्थक कार्यमा लागेका ।

धर्ममा अधिक चित्त अभिवृद्धि गरी लोकोत्तर सम्पत्ति आर्जन गरेको एउटा उदाहरण हेरौं । भगवान् बुद्धको समयमा श्रावस्तीमा एक धनाढ्य परिवार थियो । परिवारमा ७ जना छोरा, ७ जना छोरीहरूसहित आमाबुबा थिए । लौकिक एवम् परिवार सम्पत्तिमा सम्पन्न भएको हुनाले उनीहरूको जीवन सुखमय तरिकाले व्यतित भइरहेको थियो । आमा सोणा आफ्ना सन्तान सबैको मुख हेरेर आनन्दले जीवन बिताईरहेकी थिइन् । एकदिन अकस्मात सोणाको लोग्ने बिते । लोग्नेको मृत्युपछि सबै सम्पत्तिको जिम्मा लिई आफ्नो कर्तव्य निभाईरहिन् । केही समयपछि छोराहरूले भन्न थाले कि आमा ! हाम्रो सम्पत्ति अंशबन्डा गरौं, हामी अलग अलग रहेपनि तपाईलाई पालै पालो गरी हामीबाट हेरविचार र आवश्यक सेवा हुने नै छ, तपाईले चिन्ता मान्नु पर्दैन भनी वृद्ध आमालाई चित्त बुझाए र सोणाले पनि हो भनी आफूलाई केही सम्पत्ति नलिई सबैलाई अंशबण्डा गरी दिइन् । अंशबण्डा पछि आमा चाहि सबैभन्दा जेठो छोराको घरमा बस्न गइन् । केही समयपछि जेठो छोरा बुहारीले भन्न थाले कि हामी सबै दाजुभाइले बराबर सम्पत्ति लिएका छौं । त्यसैले हामीले मात्र तपाईलाई पाल्नुपर्दछ भन्ने छैन, अन्य भाईहरूको घरमा पनि बस्नजानु भनेर अनादर गरेपछि आमा माहिलो छोराकोमा बस्न गइन् । सातैजना छोरा र बुहारीको उही व्यवहारले वृद्ध आमा सोणा आजित भइन् । आफ्ना सबै सन्तानलाई आफ्नो जीवन भन्दा पनि अधिक माया गरेर हुर्काउँदा आमा सोणालाई कठीन भएन, तर सातजना छोराले एकजना आमालाई पाल्न र आवश्यक सेवा गर्नुपर्दा व्यक्त गरेको पीडादायी वचन सहित अनादर अपमानले आमालाई के भयो, कस्तो भयो भनेर सोच्ने कोही भएन । सोणाले आफ्नो जीवन अभिशापको रूपमा लिई व्यर्थ सम्झिन् । त्यसैले पालीमा उल्लेख गरिएको छ –

**"बहुपुत्ते पिता एको, अवस्सं पोसेति सदा ।**
**बहुपुत्ता न सक्कोन्ति, पोसेतुं पितरेककं ॥"**

अर्थात् धेरै पुत्रहरूलाई एउटा पिता (माता) ले अवश्य सदा पालन गर्दछ, तर धेरै पुत्रहरूले एउटा पिता (माता) लाई पालन गर्न सक्तैन ।

जीवनबाट विरक्तिएर सोणा भिक्षुणी भइन् । वृद्धा भैसकेकी हुनाले उनीलाई अरू भिक्षुणीहरूले उनलाई विहारमा गर्नुपर्ने कामहरू अह्राई भिक्षाटनमा जाने, भिक्षाटनबाट प्राप्त भोजन उनीलाई पनि दिने गर्दथिइन् । शारीरिक अवस्था कमजोर भइसकेकी हुनाले अन्य भिक्षुणीहरूले अह्राएर गएका केही काम गर्न सकिनन् भने उनी माथि गाली बर्सिन्थे । लोग्नेको मृत्युपछिको गृहस्थी जीवन जस्तै भिक्षुणी जीवन पनि उनीलाई भारी भयो । छोरा बुहारीको व्यवहारले आँशु बगाउन थालेकीले प्रव्रजित अवस्थामा पनि आँशु बगाईरहिन् । पछि बहुपुत्रिके थेरीले आफूले आफैलाई अप्रमाद हुनुपर्‍यो भनी अनुशासन गराई श्रवण धर्ममा मन लगाई चिन्तन मनन अनुस्मरण अनि अवलम्बन गरिरहिन् । यो कुरा थाहा पाउनु भई भगवान् शास्ताले गन्धकुटीबाट प्रकाश फैलाएर "बहु पुत्रीक, मैले आज्ञा गरेको धर्मलाई विचार नगरी एकसय वर्ष जिउनुभन्दा मैले आज्ञा गरेको धर्मलाई हेरेर एकछिन मात्र जिउनु उत्तम हो ।" भनी निम्न गाथा आज्ञा गर्नुभयो–

**"यो चे वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जिवितं सेय्यो, पस्सतो धम्ममुत्तमं ॥"**

*- धम्मपद (११५)*

भगवान्को अमृतवचन श्रवण गरेर सोणाले अमृतत्व प्राप्त गरिन् । जन्ममरणरहितको अर्हन्तत्वमा प्रतिष्ठित भइन् । ■

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ राजगृहको सेठ जोतिय श्रेष्ठी राजा बिम्बिसारभन्दा धेरै धनी थियो । त्यतिबेला राजगृहमा ५ महासेठहरू थिए – (१) जोतिय, (२) जटिल, (३) मेण्डक, (४) पूर्णक, (५) काकवलिय सेठ । जोतिय श्रेष्ठी पछि भिक्षु बनेका थिए ।

*( साभार- बौद्ध दर्पण )*



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी धम्मवती गुरुमां



धुप्तो रिम्पोछेको अवतार तेन्जिङ्ग हिसीसंग भिक्षुणी धम्मवती गुरुमां

✍ **भिक्षुणी शुभवती गुरुमां**

**गृहस्थ जीवन :**

वि.सं. १९९१ आषाढ पूर्णिमाको दिन बुवा हर्षमान शाक्य र माता हेराथकुं शाक्यको कोखबाट गणेश कुमारी शाक्यको जन्म रुद्रवर्ण महाविहार ओकुबहा पाटनमा भएको थियो। बुवा हर्षमान शाक्यको भाँडाकुँडाको व्यापारी थियो भने माता हेराथकुं गृहणी थिइन्। दुई दाजु र दुई भाइ सहितकी गणेश कुमारी परिवारमा एक्ली पुत्री थिइन्।

गणेश कुमारीले अनौपचारिक रूपमा भिक्षु बुद्धघोषबाट बुद्धशिक्षा विषयका प्रारम्भिक शिक्षा सिक्ने मौका प्राप्त गरेकी थिइन्। त्यस समयको राणा शासन कालमा एक बालिकाले स्वतन्त्र रूपमा औपचारिक तहको शिक्षा प्राप्त गर्ने स्वतन्त्रता थिएन। त्यसको शिकारबाट गणेश कुमारी पनि बच्न सकिनन्।

बुद्ध शिक्षा राम्ररी अध्ययन गर्नको लागि नेपालमा कुनै व्यवस्था नभएको कारणले गणेश कुमारीले वि.सं. २००६ साल जेठ ३ गते बर्मी गुरु सयादो धम्मावुधसँग म्यानमार जानको लागि घर त्याग्नु भएको थियो। यहि सिलसिलामा धम्मवती गुरुमां भन्नुहुन्छ -

"स्त्री जातीले ७ वटा अक्षर पढ्न जानियो भने बोक्सी र वेश्या होइन्छ, त्यसैले उनीहरूलाई पढाउन हुन्न भन्ने मानसिकताले ग्रसित तत्कालीन समाजमा हुर्केकी मैले भगवान् बुद्धको अनुपम शिक्षा सिक्न र पढ्नको लागि एकप्रकारको विद्रोह नै गरी भारतको आशाम देखि पैदल यात्रा गरी म्यानमार पुगी त्यहाँको उच्चतम उपाधि 'सासनधज धम्माचरिय' (बुद्ध शासनको ध्वजा फहराउन सक्ने धर्मको आचार्य) हासिल गरी छोडें।"

**प्रव्रजित जीवन :**

वि.सं. २००६ कार्तिक १० गते गुरु धम्मावुध र कुशीनगरका भिक्षु ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा गणेश कुमारीलाई "धम्मवती" नामले प्रव्रजित गुरुमां बनाइयो।गुरुमां धम्मवतीको नामले प्रव्रजित हुनुभएपछि उहाँ कुशीनगरबाट म्यानमारको मोलमिन स्थित खेमाराम नन्स स्टडी सेन्टरमा पूज्य दो पञ्ञाचारी गुरुमांको छत्रछाँयामा रही शिक्षा हासिल गर्नुभयो। वि.सं. २००९ आश्विन ८ गते देखि शुरु गर्नुभएको धर्म अध्ययन वि.सं. २०१२ भाद्र २ गतेसम्म जारी रह्यो।



Downloaded from http://www.dhamma.digital

अध्ययनको क्रममा केहि बर्मी दौंतरीहरूले यी नेपाली केटी(मा निपो)ले के पढ्छ र ? भन्दै खिल्ली गरेर व्यंग्य प्रहार गर्थे । यहिँ व्यंग्य धम्मवती गुरुमां अगाडि बढ्नको लागि हौसला बनिदियो । उहाँको अगाडि व्यंग्य प्रहार गर्ने व्यक्तिहरू सबै उहाँ जस्तै सफल हुन सकेनन् । त्यसैले उहाँको चर्चा र प्रशंसा हुनथाल्यो ।

**धम्माचरिय उत्तीर्ण :**

उहाँले वि.सं. २०१९ सालमा धम्माचरिय (बुद्ध शाशनको झण्डा फर-फराउन सक्षम) उत्तीर्ण गर्नुभयो । उहाँ धम्माचरिय उत्तीर्ण गर्नुहुने पहिलो नेपाली मात्र नभई म्यानमारमा अध्ययनरत विदेशी विद्यार्थीहरू मध्ये पनि पहिलो हुनुहुन्थ्यो । धम्माचरिय उत्तीर्ण भएको कारणले रंगून शहरको गभायी सिरिमङ्गल भन्ने ठाउँमा छट्ठ संगायना गरिएको महापाषाण गुफामा बर्मी सरकारले सरकारी स्तरबाट भब्यताका साथ उहाँलाई "ससनधज धम्माचरिय" उपाधि प्रदान गरी सम्मान गरिएको थियो ।

**नेपाल फीर्ति र धर्मप्रचार :**

अध्ययन पूरा भएपछि नेपालमा बुद्धधर्म प्रचार गर्ने महान उद्देश्य लिएर दुई सहयोगी प्रव्रजित गुरुमांहरूमा गुणवती (बर्मी) र रत्नमन्जरी (नेपाली)का साथ २०२० आश्विन ७ गते नेपाल फर्कनुभयो । २ वर्षसम्म निश्चित बस्ने ठाउँ नपाएर उहाँहरूले यताउती बसोबास गर्दै धर्मप्रचारको कार्य थाल्नु भयो । बाल-बालिकाहरूलाई बुद्धधर्मको शिक्षा दिने, काठमाडौं, पाटन र भक्तपुरको टोल-टोलमा प्रवचन दिने, गुँला (श्रावण शुक्ल र भाद्र कृष्णको एक महिना) महिनाभरी बुद्धपूजा र धर्मदेशना दिने जस्ता कार्यहरू निरन्तर रूपमा गर्न थाल्नु भयो । उहाँहरूको धर्मदेशनाबाट प्रभावित भएका उपत्यकाबासीहरूले शहरको बिचैमा उहाँहरूलाई बसोबास गर्न एउटा विहारको स्थापना हुनुपर्ने आवश्यकताको महशूस गर्न थाले । सोहि अनुसार धम्मवती गुरुमांका पिता हर्षमान शाक्य र माता हेराथँकु सहित अन्य श्रद्धालु व्यक्तिहरूको सहयोगबाट काठमाडौंको नघल टोल, श्रीघः विहारनिर २०२१ सालमा धर्मकीर्ति विहार भवन निर्माण भयो र सोहि विहारको उद्घाटन २०२२ साल बैशाख २६ गते शनिबारका दिन भयो ।यसरी विहार निर्माण गरी बुद्धधर्मलाई अझ व्यापक र प्रभावकारी ढंगले प्रचार गर्ने उद्देश्यले निम्नअनुसार उद्देश्यहरू निहित गरी आफ्नो क्रियाकलापहरू अगाडि बढाउँदै लग्यो-

१. बुद्धशिक्षाको प्रचार प्रसार गर्नु
२. महिलाहरूलाई विभिन्न सामाजिक क्रियाकलापहरूमा संलग्न गराई उनीहरूको उत्थान गर्नु ।
३. युवा वर्गलाई बुद्धधर्म परिचित गराउनु ।
४. युवा वर्गलाई बुद्धधर्म अध्ययन गराई त्यसबाट व्यवहारमा उतार्न प्रोत्साहन दिनु ।
५. ध्यान शिविर सञ्चालन गर्नु ।
६. देश र विदेशका बौद्ध तीर्थस्थलहरूमा तीर्थ यात्राको आयोजना गर्नु ।

यी उद्देश्य लिई धम्मवती गुरुमांको नेतृत्वमा सञ्चालन गर्दै आइरहेको छ। स्थापना कालदेखि धर्मकीर्ति विहारको आयोजनामा अनेकौं गतिविधिहरू सञ्चालन भइसके। त्यो सबै कार्यक्रमहरूको नेतृत्व धम्मवती गुरुमांको कुशल नेतृत्वमा सञ्चालित भएका हुन्। आजसम्म अटुट रूपमा चल्दै आएका धार्मिक गतिविधिहरूमा केहि उल्लेखनिय कार्यक्रमहरू :

**१. बुद्धपूजा :**

प्रत्येक संक्रान्ति, पूर्णिमा, औंसी र अष्टमी दुई पटक गरी महिनाको ५ पटक बुद्धपूजा र धर्मदेशना हुँदै आइरहेको छ । त्यस्तै गुँलामा (श्रावण-भाद्रतिर) १ महिनाभरि हरेक दिन बुद्धपूजा र धर्मदेशना गरिदैं आएको छ। जुन कार्यले गर्दा उपासक उपासिकाहरूले पुण्य कमाई ठूलो लाभ लिइरहेका छन् ।

**२. ध्यान शिविर :**

बुद्ध शिक्षाको अध्ययन अनुसार अभ्यास गर्न गराउन यस विहारले समय समयमा विश्व प्रसिद्ध ध्यान गुरुहरूको निर्देशनमा ध्यान शिविरहरू सञ्चालन गर्दै आएको छ । नेपालमा अहिले विपस्सना ध्यान केन्द्र र ध्यानका योगीहरूको संख्या बढ्दै आइरहेको छ। स्मरणीय छ कि नेपालमा विपस्सना ध्यान भन्ने कुरा थाहा नभएको बेला धम्मवती गुरुमांको गुरु म्यानमारका दो पञ्ञाचारी गुरुमांले नै पहिलो पटक नेपालमा विपस्सना ध्यान शिविर सञ्चालन गर्नुभएको थियो ।

यस विषयमा Rebuilding Buddhism पुस्तकमा यसरी उल्लेख गरिएको पाइन्छ। यसरी नेपालमा विपस्सना ध्यान भित्रिनुमा पनि धम्मवती गुरुमांको ठूलो



Downloaded from http://www.dhamma.digital

देन रहेको छ ।

**३. ऋषिनी प्रव्रज्या :**

नेपाली नेवारी परम्परा अनुसार बालिकाहरूलाई १२ दिनसम्म एउटै कोठामा थुनी गुफा राख्ने चलन छ । यो प्रथा स्वास्थ्य र अन्य दृष्टिकोणले उचित देखिन्दैन । यस परम्पराको विकल्पको रूपमा वि.सं. २०२३ साल देखि बालिकाहरूलाई विशेष वस्त्र (कलेजी) लगाई ऋषिणी प्रव्रज्या गराई धार्मिक नियम अष्टशील पालन गराई बौद्धशिक्षा दिलाउने कार्य गरिदैं आएको छ जुन सराहनीय देखिन्छ ।

**४. तीर्थयात्रा :**

समय समयमा देश विदेशका पवित्र बौद्ध तीर्थस्थलहरूको दर्शन र भ्रमण गराउने गरी तीर्थयात्राको आयोजना पनि गर्दै आउनु भएको छ । नेपालमै प्रथम पटक बसबाट भारतमा तीर्थयात्राको आयोजना भएको धर्मकीर्ति विहारबाटै हो । तीर्थयात्राको आयोजना हाल धम्मवती गुरुमांकै निर्देशनमा केशावती गुरुमांले गर्दै आउनु भएको छ ।

**५. प्रौढ कक्षा :**

विहारमा आउने प्रौढ उपासक उपासिकाहरूलाई बौद्धशिक्षा राम्ररी दिलाउन समय समयमा गुरुमांहरूबाट प्रौढ कक्षा सञ्चालन हुँदैं आइरहेको छ ।

**६. सर-सफाई अभियान :**

श्रीघः चैत्य तथा धर्मकीर्ति विहारको सर-सफाई गर्न बुद्धपूजामा सहभागी उपासक उपासिकाहरूलाई १२ समुहमा विभाजन गरेर प्रत्येक पूर्णिमाको अघिल्लो दिन श्रीघःचैत्य परिसर पालैपालो सर-सफाई गराइन्दै आएको छ ।

**७. समाज सेवा :**

विभिन्न समयमा भएका प्राकृतिक प्रकोपबाट पिडितहरूलाई खाद्यान्न तथा लत्ता कपडा प्रदान गर्ने गरिएको छ । साथसाथै अन्य सामाजिक संस्थाको लागि चन्दा प्रदान, बैशाख पूर्णिमाको दिन अस्पतालमा विरामीहरूलाई विस्कुट तथा फलफुल वितरण जस्ता कार्यहरू नियमित रूपमा गर्दै आएको छ ।

**८. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी :**

धम्मवती गुरुमांको समाज परिवर्तन र शिक्षित समाज निर्माणको लागि युवा युवतीहरूलाई बुद्धशिक्षा अध्ययनार्थ 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' को स्थापना वि.सं. २०२८ सालमा भयो । निम्न चार उद्देश्य लिई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना गरियो ।

१. व्यवहारिक बौद्ध शिक्षाको अध्ययन गर्ने ।
२. गाउँ गाउँमा बुद्धधर्म प्रचार गर्ने ।
३. बौद्ध शिक्षा सम्बन्धि पुस्तक तथा पत्रिका प्रकाशन गर्ने ।
४. देश विदेशमा बौद्ध विद्वानहरूको स्वागत सम्मान गर्ने ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विभिन्न कार्यक्रमहरू जस्तैः स्वास्थ्य सेवा, तालिम तथा प्रशिक्षण कार्यक्रमहरू, धार्मिक यात्रा, अस्थायी प्रव्रज्या, नाटक प्रदर्शन, सहयोगस्वयंसेवक)का कार्यक्रममा सहभागी, दानप्रदान कार्यक्रम, चित्रकला प्रतियोगिता आदि कार्यक्रम गरी बुद्ध शासनलाई टेवा पुऱ्याइ रहेको छ ।

**९. धर्मकीर्ति बौद्ध परियत्ति :**

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा पनि वि. सं. २०२२ सालदेखि निरन्तर रूपमा धर्मकीर्ति विहारमा प्रत्येक शनिबार बाल बालिका तथा परियत्ति पढ्न इच्छुक महानुभावहरूलाई पढाई, परीक्षामा सहभागी गराई उत्कृष्ट श्रेणीमा उत्तीर्ण गराउन पनि सफल भएको छ ।

**१०. साहित्य सेवा :**

सबल धर्म उपदेशको कारणले सबैलाई प्रभावित मात्र होइन सुनेको कुरा बिर्सन सक्छ त्यसैले पुस्तक लेख्नुपर्छ भनी भगवान बुद्धको शिक्षालाई सबैले बुझ्ने गरी पुस्तक प्रकाशन कार्य वि.सं. २०२९ सालमा धर्मकीर्ति पत्रिकाको प्रकाशन आरम्भ गर्नुभयो । ४३ वर्षको दौरानमा आजसम्म धर्मकीर्ति पत्रिका निरन्तर रूपमा दाताहरूको सहयोग र व्यवस्थापनको निस्वार्थ सहयोगमा महिनाको एउटा प्रकाशित हुदैं आइरहेको छ । धम्मवती गुरुमांको सल्लाह र कुशल नेतृत्वको कारण आजसम्म निरन्तर प्रकाशन भइरहेको छ । वि.सं. २०२९ सालदेखि धर्मकीर्ति प्रकाशनले नेपालभाषा, नेपाली, अंग्रेजी पुस्तकहरूमा पनि प्रकाशन गर्दै आइरहेको छ । धर्मकीर्ति प्रकाशनले प्रकाशित गरेको हालसम्म १७५ वटा नेपाल भाषा, १४४ वटा नेपाली भाषा, २ वटा



Downloaded from http://www.dhamma.digital

मिश्रित, ७ वटा अंग्रेजी पुस्तहरू छन् जसमध्ये धम्मवती गुरुमांद्वारा १५ वटा नेपाली र १५ वटा नेपाल भाषाका पुस्तकहरू रहेका छन् । ती पुस्तकहरूको नामावली धर्मकीर्ति प्रकाशनद्वारा प्रकाशित पुस्तकहरूको नामावली परिशिष्टमा समावेश गरी राखिएको छ ।

**११. विहार निर्माण कार्य :**

नेपालको थेरवाद बुद्धशासनले धम्मवती गुरुमांको योगदानलाई कहिल्यै बिर्सन सक्दैन । धम्मवती गुरुमांको नेतृत्वमा भगवान बुद्ध जन्मस्थल लुम्बिनीमा २०५३ सालमा गौतमी विहार लुम्बिनीको निर्माण गर्नुभयो । लुम्बिनी जस्तो पवित्र ठाउँमा अन्य मित्रराष्ट्र देशहरूले ठूलो ठूलो विहार निर्माण गरेको छ तर नेपालबाट कुनै ठोस कदम चाल्न नसकेको अवस्थामा भने धम्मवती गुरुमांको नेतृत्वमा नेपाली विहार निर्माण गरियो । उहाँकै कुशल नेतृत्वमा धर्मकीर्ति बसुन्धरा विहार-बसुन्धरा, सुलक्षणकीर्ति विहार-चोभार, निर्वाणमूर्ति किण्डोल विहार, स्वयम्भू, पद्मकीर्ति विहार-कमलपोखरीमा निर्माण गर्न ठूलो योगदान छ । नेपालमा उहाँको कार्य सह्राहनीय छ, उहाँले जस्तै नेतृत्व लिईकाम गर्न सजिलो हुने छैन् ।यस संस्थाले वि.सं. २०२८ सालमा प्रथम पटक “चारधाम” तीर्थयात्राको कार्यक्रमको आयोजना गरेको थियो ।

यसरी नै वि.सं. २०३० सालदेखि निरन्तर रूपले नि:शुल्क स्वास्थ्य क्लिनिक एवं रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बुद्धशिक्षालाई अझ बढि भन्दा बढि मानिसले पढ्न पाओस् भन्ने उद्देश्यले वि.सं. २०२९ सालदेखि धर्मकीर्ति प्रकाशनको रूपमा नेपालभाषा, नेपाली र अंग्रेजी भाषाका पुस्तकहरू प्रकाशन गर्दै आएको छ ।

धम्मवती गुरुमांको आफ्नै संरक्षणमा निर्माण गरेका र निर्माणका लागि सहयोग गरेर निर्मित विहारहरू यसरी रहेका छन् :

| क्र.सं. | विहारहरूको नाम | स्थापना मिति | कैफियत |
|---|---|---|---|
| १. | धर्मकीर्ति विहार | वि.सं. २०२२ वैशाख २६ | आफ्नै संरक्षणमा |
| २. | धर्मकीर्ति बसुन्धारा विहार, बसुन्धारा | वि.सं. २०३९ साल | आफ्नै संरक्षणमा |
| ३. | अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार, लुम्बिनी | वि.सं. २०५१ साल | आफ्नै संरक्षणमा |
| ४. | ध्यानकुटी अनागारिकाराम, बनेपा | वि.सं. २०३३ साल | आफ्नै संरक्षणमा |
| ५. | सुलक्षणकीर्ति विहार, चोभार | वि.सं. २०५३ साल | सहयोगमा निर्मित |
| ६. | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल | वि.सं. २०४२ साल | सहयोगमा निर्मित |
| ७. | नेपाली बुद्ध विहार, भारत | वि.सं. २०४७ साल | सहयोगमा निर्मित |
| ८. | पद्मकीर्ति विहार, कमलपोखरी | वि.सं. २०४७ असार | सहयोगमा निर्मित |
| ९. | शाक्यमुनी कीर्ति विहार, सतुंगल | वि.सं. २०६६असार १३ | सहयोगमा निर्मित |
| १०. | रत्नकीर्ति विहार | वि.सं. २०६७ साल | सहयोगमा निर्मित |
| ११ | निर्वाणमुर्ति किम्डोल विहार (पुन:निर्मित भवन) | वि सं २००६ साल | सहयोगमा निर्मित ( नव निर्मित ) |



Downloaded from http://www.dhamma.digital

**धम्मवतीगुरुमां संलग्न हुनुभएका संघसंस्थाहरूको नाम विवरणः**

| पद | संस्थाको नाम |
|---|---|
| अध्यक्ष | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि (वि.सं. २०२८ देखि हालसम्म) |
| सल्लाहकार | धर्मोदय सभा (वि.सं. २०५३) |
| कार्यकारिणी सदस्य | धर्मोदय सभा (वि.सं. २०५६ - ६०) |
| सदस्य | शाक्यधिता, अन्तर्राष्ट्रिय भिक्षुणी संघ, वि.सं. २०४४ |
| निर्देशक | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, वि.सं. २०४२ - देखि |
| पूर्व अध्यक्ष | बौद्ध वृद्धाश्रम (वि.सं.२०५५) |
| अध्यक्ष | अन्तर्राष्ट्रिय भिक्षुणी संघ, वि.सं. २०५१ देखि हालसम्म |
| प्रकाशक तथा सल्लाहकार | धर्मकीर्ति पत्रिका २०२९ देखि हालसम्म |
| अध्यक्ष | धर्मकीर्ति संरक्षण कोष, वि.सं. २०४५ देखि हालसम्म |

यसरी धम्मवती गुरुमां राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा संलग्न हुनुहुन्छ।

आफ्नो सम्पूर्ण जीवन बुद्ध शासन चिरस्थायी गर्ने कार्यमा बिताउनु भएकी धम्मवती गुरुमांलाई उहाँको यस योगदानलाई कदर गर्दै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरूले विभिन्न पदवीले विभूषित गरिएको छ। यसको विवरण तल उल्लेखित छ।

| संस्था र देश | पदवीको विवरण | मिति |
|---|---|---|
| म्यानमार सरकार | "अग्ग महागन्थवाचक पण्डित" | वि.सं. २०४९ |
| नेपालभाषा परिषद् | "भाषा थुवाः" सिरपाः (नेपालभाषालाई सेवा गरेवापत) | वि.सं. २०५६ |
| स्वयम्भू ज्ञानमाला भजन | "रत्नवत सिरपाः" | वि.सं. २०५२ |
| चेतकी राज्य लक्ष्मी कार्की स्मृति विज्ञान तथा प्रविधि प्रतिष्ठान -२०५८, ललितपुर, नेपाल | चेतकी राज्य लक्ष्मी पुरस्कार (बुद्धधर्म र बौद्ध साहित्य क्षेत्रमा योगदान पुऱ्याए बापत) | वि.सं. २०७१ पौष १९ |

**नागरिक स्तरबाट सम्मान :**

यसरी नै बुद्धधर्ममा आफ्नो जीवन समर्पण गर्नुभएकी धम्मवती गुरुमांको योगदानलाई कदर गर्दै उहाँलाई नेवाः जागरण मञ्चद्वारा नागरिक स्तरबाट वि.सं. २०७० आश्विन १२ गते शनिवारका दिन भव्य सम्मान गरिएको थियो।

१२. **धर्मदेशना :**

१४ वर्षसम्म भगवान बुद्धको शिक्षा अध्ययन गरी आउनुभएका धम्मवती गुरुमां नेपालको थेरवादी बौद्ध क्षेत्रमा कुशल धर्मदेशकको रूपमा प्रस्तुत हुनुभएको छ। उहाँको उपदेश बाल बालिका, युवा युवती, वयस्क आदि सुहाउँदो किसिमको हुन्छ। श्रोता हेरी धर्मदेशना गर्नुहुने धम्मवती गुरुमांको उपदेश सुन्न पाएपछि जो कोहि पनि मन्त्रमुग्ध हुन्छ। उहाँको उपदेशलाई अनुशरण गरी आफ्नो गृहस्थी जीवन सुखपूर्वक बिताइरहेका व्यक्तिहरू धेरै छन्। त्यसैले उहाँको उपदेश गर्ने शैलीले गर्दा सबै उपासक उपासिका प्रभावित छन्।




Downloaded from http://www.dhamma.digital

**धर्मकीर्ति विहारको इकाई :**

धर्मकीर्ति विहारको पुरानो भवन विभिन्न असुबिधाको कारणले यसलाई भत्काई पुन निर्माण गरी वि सं २०५९ मंसिर ४ तल्ले पक्की भवनको रुपमा प्रस्तुत गरिएको छ। यस कार्यको लागि आवश्यक ब्ययभार दाता द्रब्यमानसिंह बसुन्धरा तुलाधर सपरिवारको तर्फबाट ब्यर्होर्नु भएको हो। भवनको स्वरुप फेरे जस्तै यसभित्रको धर्मकीर्ति संरक्षण समितिलाई धर्मकीर्ति संरक्षण कोषको रुपमा परिणत गरिएको छ।

यस कोष अर्न्तगत विभिन्न इकाइहरू यसरी खडा गरिएका छन्।




**अन्तमा :**

धम्मवती गुरुमांको ब्यक्तित्व नेपालको थेरवादी बुद्ध शासन अगाडि बढ्नु भएको कारणले गर्दा आज उहाँको नाम चम्किरहेको हो। आधुनिक शैलीले धर्मलाई बुद्धिमत्तापूर्वक सञ्चालन गर्ने हुनाले उहाँले जुन कार्य गरे पनि सफल भएको हो। धर्मकीर्ति विहार स्थापना भएको आज ५० वर्ष भइसकेको छ। उहाँको कुशल नेतृत्वले गर्दा अझ धर्मकीर्ति विहार थेरवादी क्षेत्रमा एक बलियो संस्था विहारको रूपमा परिचित छ। उहाँको योगदानलाई कदर गर्दै बौद्ध उपासक बौद्ध विद्वान स्व. धर्मरत्न शाक्यले नेपाल भाषामा धम्मवती गुरुमांप्रति भिन्तुना भनी एक भजन रचना गर्नुभएको छ। यसरी बुद्ध शिक्षा प्रचार प्रसार गरी अरुको जीवन उज्यालो पार्ने कार्य गर्दा गर्दै धम्मवती गुरुमांलाई अचानक पेटको रोगले पिरोल्यो। मधुमेह र उच्च रक्तचापको साथसाथै पेटमा ट्यूमरको समस्या भएको पत्ता लागेपछि वि.सं. २०६८ श्रावण ७ गते शनिबार उहाँलाई नर्भिक अस्पतालमा ट्यूमरको सफल शल्यक्रिया गरियो। हाल क्यान्सर रोगलाई जित्नु भएकी साहशिका प्रतिमूर्ति धम्मवती गुरुमांले– “एकदिन मर्नकै लागि जन्मिएका हामी सबैले जुन सुकै समस्याहरूसँग सामना गर्नुपर्छ” भन्दै सबैलाई हौसला दिनुहुदै। यहीं हाम्रो कर्तव्य हो भन्दै आफ्नो कर्तब्य धर्मलाई पालन गरि कर्तब्यको पुण्यको प्रभावले मानसिक सुख एवं मनोबल अझ बलियो बनाई सबैको आर्द्धश लिन योग्य ब्यक्तित्व हुनुहुन्छ। अझ अहाँको सुस्वस्थ्याको कामना गर्दछु। ■

# वा वा पासापिं

✍ **माधवी गुरूमां**

वा वा पासपिं सद्धर्मय् वनेवा।
जीवन सफल याय्त धर्मय् वनेवा॥
मूर्खपिंनाप संगत याय्मते न्हां।
पण्डितजनपिं नाप संगत याय्वा॥
दुःखया लंपुई भ्री वने मयल।
सुखया लँपु भ्रीसं माले माल॥
जन्म जन्म पतिकं धर्म खंके फुपिं।
मनू जुयाः जन्म काय् फुपिं॥
न्हयागु जन्म काःसां धर्म चित्त दुपिं।
थुकथं जन्म काय्त आःहे अभ्यास याय्माः॥
आसे अले याय् धायगु बानि मजिल।
याकन हे बुद्धया शिक्षा अभ्यास याय् माल॥
दुःख दुःख धकाः गुलि हाला ज्वीगु।
सुख ज्वीगु लँप्वी याकन वनेगु॥
भ्री सकस्यां कुतः याय्माल।
ग्यानापुगु थ्व संसारया मोहलय् भुले ज्वीमजिल॥



Downloaded from http://www.dhamma.digital

# प्रव्रजित गुबलें पतन जुइमखु

✍ सुनिता मानन्धर

अनंदा कृष्णत मलेशियाया व्यापारी। ६८१ अर्ब सम्पत्तिया मालिक। दक्षिण एशियाया हे ९९ म्हम्ह त:मिम्ह ब्यापारी। वया छम्ह काय्। आजाल श्रीपाने। सन् २००८ पाखे श्रीपाने तन। बौम्हं थः काय्यात माल। मायेके छ्वत। तर लुइके मफु। छन्हु छम्ह मनुखं बुखँ ज्वनावल। श्रीपाने थेंच्वंम्ह छम्ह थाइल्याण्डय् दु। थाइल्याण्डया विहारय् प्रव्रजित जुयाच्वंम्ह। थ्व खँ न्यनाः बौम्ह उधिमय थाइल्याण्ड थ्यन। अन थः काय् खन। साहु महाजन जुयाः च्वनाच्वंगु मखु। साधारण जीवन हनाच्वंम्ह। छम्ह प्रव्रजित। बौम्हं थः काय्यात लित हयेत अनेक कुतः यात। तर कायम्ह माने मजू। अझ बौम्हनापं नये तकं माने मजू। प्रव्रजित जुल। उकिं भिक्षाटन यानाः नयेगु खँ ल्हात। अरबौंया सम्पत्तिया मालिक। थः यथें जीवन हने, दुम्ह। ऐश आरामं च्वने दुम्ह। सुख सयल भोग याये दुम्ह श्रीपाने। अरबौं सम्पत्ति त्याग यात। भोजन छक्वः यायेत नं भिक्षाटन। सुनां छु बिल, व हे भोजन। न थः यथें च्वने दु न थम्हं यथें नये दु। अयनं श्रीपानें प्रव्रजित जीवन ल्यल। थुकी हे थःगु सुख तायेकल। थन हे सुखया अनुभव यात। उकीं थौ श्रीपानेया खँ बयबय् जुल। आजाद इण्डिया टीभीया बुखँ हलिंन्यंक दन सामाजिक सञ्जालपाखें द्वलंद्वः मनूतय् दथुइ थ्यन।

बुद्धकालया खँ खः। राजगृह नगरय् छगू सम्पन्न कुलय् म्हयाय्मचा बुल। वया नां धम्मदिन्ना तल। पीगू क्वःति धनया मालिक। वया म्हयाय् धम्मदिना। समृद्धं कुलया म्हयायमचा। ई त्ययेवं कूल स्वयाः ब्याहा यानाबिल। राजगृह नगरया हे कुलपुत्रनाप। विशाख कुलपुत्र। विशाख नं पीगू क्वःति धनं सम्पन्नम्ह। व जुजु विम्बिसारया विश्वासिम्ह पासा नं खः। उकिं व तथागत भक्त। अनागमी फल तकं प्राप्त याः म्ह।

थःभाःत विशाखं लोकोत्तर धर्म साक्षात्कार याःगु खँ धम्मदिन्नां सिल। विशाखं धम्मदिन्नायात स्वतन्त्र त्वः ताबिल। थःगु छेँय् च्वंसां जिउ। थः छेँय् वंसा जिउ धइगु खँ कन। थःगु छेँय् च्वंसा याउँक जीवन हने फइगु बचन नं बिल। थुकथं धम्मदिन्ना श्रीसम्पत्तिया मालिक्नी जुयाः च्वने दुम्ह। तर व श्री सम्पत्तिइ आशक्त मजू। वं थः प्रव्रजित जुइगु इच्छा यात। दक्व भोग सम्पत्ति त्याग यात प्रवजित जुया बुद्धया शरणय दुहां वन। छुं ई लिपा हे अरहत्त फल नं प्राप्त यात।

क्वःति सम्पत्तिया मालिक जक मखु। बुद्ध शासनय् लानी तकं प्रव्रजित जूगु दु। खेमा राजकुमारीया जन्म न. सम्पन्न कूलय् जूगु खः। व मदुदेया शागल नगरया मल्ल जुजुया म्हयाय्। रूपवान नापं धनवानम्ह। बुसांनिसें सम्पन्नम्ह। वया इहिपा मगध जुजु बिम्बिसारनाप जुल। उगु इलय् भारतया छगू प्रभावशाली राज्य मगध खः। थुकथं सम्पन्न देय्या लानि खेमा। अतिकं प्रभावशालीम्ह लानि। उम्ह लानि नं तथागतया शरणय् वन। लानिया दर्जा त्याग यात। प्रव्रजित जुल। साधारण जीवन हन। भोग विलासी जीवन त्वः तल।

सकलें प्रवजित जुइ फइमखु। सकसिनं प्रव्रजित जीवन हने यइ नं मखु। प्रव्रजित जुइगु धइगु साधारण जीवन हनेगु खः। भिक्षाटन यानाः जीवन यापन यायेमाःगु दाताया दानय् सन्तुष्ट जुइमाः। यःयः थें याये दइमुख। थुकथंया जीवन हने थाकु। उकिं थः सन्तान नं प्रव्रजित याइ धकाः ग्याइ। प्रव्रवित जीवन दुःखी तायेकी। उलि जक मखु। सकसियां थः सन्तानप्रति माया दइ। सन्तानयात थःगु भविष्य कथं काइ। वयात थःगु तुतां तायेकी। आधार खंकी। इपिं थः पाखे तापाइ धकाः ग्याइ। याकः काय जुलकि ला झन् वज्रपात हे जुइ याकः काय थःगु धन सम्पत्ति जक मखु थःयात अतिकं माया याईपिं नं थः माँबौयात त्वःताः प्रव्रजित जूगु घटना दु।

बुद्धकालया खँ। राष्ट्रपाल नांया छम्ह कायमचा। व गांया मुखियाया काय् खः। छन्हु वं तथागतया धर्मदेशना न्यन वसपोलया धर्मदेशना न्यनाः व प्रभावित जुल। वं थः प्रव्रजित जुइगु इच्छा यात। प्रव्रजित जुइत मां अबुया उजं माः। उकिं मांअबुयाके वं उजं फ्वन। थः याकः काय्। उकिं वयात उजं मबिउ। तःमिम्ह अबुया याकः काय्। काय् भन्ते जुल कि सम्पत्ति सुनां नइ ? वं मां अबुया उजं काये मफुत। तःक्वःमछिं मां अबुयात बिन्ति यात। थम्हं इमित थुइके हे मफुत। अनंलि व बँय् ग्वः तुल। नांगा ग्वःतुलाः वं कि थः सिना वनेगु कि प्रव्रजित जीवन हनेगु जिद्दी यात। थ्व खनाः मांअबु निम्हं ग्यात। थः सन्तान सिना बनीगु स्वयां प्रव्रजित जुइगु हे बांलां ताल उकिं मं मदुसां इमिसं थः काय्यात प्रव्रजित जुइत उजं बिल।

सोण कुटिकण्णकालीया काय् खः। व अवन्ती

( बाँकी २२ पेजय् )



Downloaded from http://www.dhamma.digital

# साधुवाद !

कोरोना भाइरसया महामारीं देशय् लकडाउनया स्थिति सृजना याःगु कारणं धर्मकीर्ति विहारया प्रव्रजित गुरुमांपिनिगु लागि नसा त्वंसाया ज्वलं पुवनेमा धकाः श्रद्धा युक्तगु चित्तं नसा त्वंसां दान यानाःगुहालि यानादीपिं दातापिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु ।

१. द्रब्य मान सिंह, बसुन्धरा तुलाधर, नक्साल
२. सुमन कमल तुलाधर, लाजिम्पात
३. लोचनतारा तुलाधर, भोटाहिटी
४. अरुण सिद्धि तुलाधर, किलाघः
५. बौद्ध महिला संघ, भृकुटीमण्डप
६. पद्मतारा स्थापित, नयाँसडक
७. सुमना महर्जन, कालधारा
८. रोसनकाजी तुलाधर, भोटाहिटी
९. मीनशोभा शाक्य सपरिवार, न्यत
१०. मीराज्योति कंसाकार, जमल
११. सानुमैयां महर्जन
१२. मीनु डंगोल, कालधारा
१३. बरदेश मानन्धर, डल्लु
१४. विश्व ताम्राकार, महाबौद्ध
१५. करुणा तुलाधर, असन
१६. काठमाडौं महानगरपालिका
१७. सानुराजा, राधिका महर्जन, ज्याठा
१८. लक्ष्मी महर्जन, त्यौड
१९. चन्द्रदेवी मानन्धर, वटु
२०. रमीता स्थापित
२१. अनिता शाक्य, चःमति
२२. महालक्ष्मी श्रेष्ठ
२३. मेलिना मर्हजन, कालिमाटी
२४. ज्ञानी शोभा तुलाधर, बाँसबारी
२५. सुजेन प्रजापति सपरिवार, म्ह्यपि
२६. विकास, गंगा मानन्धर, पकनाजोल
२७. कीर्तिमैया सिं, खुशिबुं
२८. तारनी स्थापित, बाँगेमुढा
२९. रस्मी स्थापित
३०. सन्तुमायाँ मर्हजन, कालोपुल
३१. शीला महर्जन
३२. अगम्यरत्न कंसाकार, सीतापाईला
३३. एन्जिला स्थापित, ठमेल
३४. राधिका मर्हजन, खुशीबुं
३५. प्रतिमा मानन्धर, क्षेत्रपाटी
३६. लक्ष्मी मर्हजन, इनबाहाल
३७. अष्टदेवी शााक्य
३८. नानी शोभा मर्हजन
३९. केशरी महर्जन
४०. गुण कोअपरेटिभ
४१. सन्तुमाया शाक्य
४२. रत्नदेबी महर्जन

*श्रद्धावान् दातापिं सकसितं धर्मकीर्तिपाखें आयु आरोग्य निरोगी कामना यासे शाधुवाद ब्यक्त याःगु दु ।*

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्बन्धी सूचना

बि.सं. २०७७ साल बैशाख महिनाको बुद्ध पूर्णिमा देखि धर्मकीर्ति पत्रिकाले बर्ष ३८ अङ्क १ मा प्रवेश गर्दैछ। पत्रिकाको वार्षिक ग्राहकहरूबाट यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनु भई वर्ष ३८ मा प्रकाशित (२०७७ साल असार पूर्णिमा देखि) अङ्कहरू प्राप्त गरी सहयोग गरिदिनुहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई अनुरोध गरिएको छ।

वार्षिक ग्राहक शुल्क रू. १००।- नै कायम गरिएको सूचना पनि जानकारी गराईएको छ।

**धर्मकीर्ति पत्रिका**

**धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं, नेपाल ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

*२०७६ माघ १९ गते, शुक्रवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*
*प्रस्तुती- अनीता मानन्धर*

यस दिन शाक्यधिता नेपालले एक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय शाक्यधिताका संस्थापक अध्यक्ष, पूर्व अध्यक्ष प्रोफेसर श्रद्धेय भिक्षुणी कर्मलक्ष सोमो (Venerable Karma Lekshe Tsomo) ले 'women transforming Buddhism, International Networks of cooperation' विषयक प्रवचन दिनु भएको थियो ।

शाक्यधिता नेपालका संस्थापक अध्यक्ष तथा धम्मानुसासक श्रद्धेय धम्मवती गुरूमांको सभापतित्वमा संचालन भएको यस कार्यक्रममा प्रवचक श्रद्धेय कर्मलक्ष गुरूमांलाई खादा ओदाई स्वागत गरिएको थियो । वहाँले भगवान बुद्धको प्रतिमा सामु दीप प्रज्वलन गरि यस कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । शाक्यधिता नेपालका सह सचिव नानी केशरी बज्राचार्यले संचालन गर्नु भएको यस कार्यक्रममा शाक्यधिता नेपालका उपाध्यक्ष सुमन कमल तुलाधरले स्वागत मन्तब्य दिनु भएको थियो ।

उक्त कार्यक्रममा शाक्यधिता नेपालका अध्यक्ष श्रद्धेय इन्दावती गुरूमां, शाक्यधिता नेपाका पूर्व अध्यक्ष मेत्तावती गुरूमां, शाक्यधिताका कार्यकारिणी सदस्यहरू लगायत शाक्यधिता नेपालका साधारण सदस्यहरू तथा उपासक उपासिकाहरूको उपस्थिति थियो ।

प्रवचक वहाँ श्रद्धेय गुरूमांले University of San Diego बुद्ध धर्म पढाउँदै आइरहनु भएको छ । वहांले भारतको Dharmasala मा १५ वर्ष बुद्ध धर्म अध्ययन गर्नु भएको थियो भने वहाँले सन् २००० मा University of Hawai मा Comparative Philosophy मा प्राचार्यको उपाधि (Doctorate) प्राप्त गर्नु भएको थियो । वहाँ Jamyang Foundation को संस्थापक, निर्देशक हुनु हुन्छ यस संस्थाले हिमाली क्षेत्रका महिला बाल बालिकाहरूलाई शिक्षामा सहयोग गरिरहेको छ ।

कार्यक्रममा बुद्ध धर्ममा नारीहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको कुरा व्यक्त गरिएको थियो । सिद्धार्थ गौतमको जन्म माता महामायादेवीको गर्भबाट भएको थियो । एक नारी विना बुद्धको जन्म पनि असम्भव छ । दरवारमा रहेका नर्तकीहरू देख्दा विरक्त, भाव उत्पत्ती भई गृ.ह त्याग गर्नु भएको सिद्धार्थले ६ वर्षको दुश्कर चर्या पछि सुजाता नामक एक महिलाको हातबाट खिर भोजन ग्रहण गर्नु भएपछि ध्यान वसी बुद्धत्व प्राप्त गर्नु भयो ।

सानी आमा महाप्रजापती गौतमीले वहाँलाई बालककालमा आफ्नो दुध ख्वाएर पालनपोषण गरी उनी सानीआमा प्रजापती गौतमी भिक्षुणी हुने इच्छा गरी सर्व प्रथम महिला प्रव्रजित हुनु भयो । वहाँले नै सर्वप्रथम भिक्षुणी सासनको शुभारम्भ गर्नु भयो । महिला भिक्षुणीहरू पनि पुरूष भिक्षुहरू समान मार्गफल लाभ गरी आफ्नो जीवनलाई धन्य बनाए । भिक्षुणी प्रजापती गौतमीको बुद्ध शासनमा ठूलो योगदान भएको कुरा बताउनु भयो ।

ई.पू. २७७ मा जन्मनु भएका सम्राट अशोकमा छोरी संघमित्रा श्री लंकाकी प्रथम भिक्षुणी तथा बुद्ध धर्म प्रचारक थिए । वहाँले बुद्धगया स्थित बोधिवृक्षका एक हाँगा आफू संगै श्रीलंकामा लगेकी थिइन् । त्यस्तै राजकुमारी हेमाले पनि आफ्नो केशको जुरो भित्र भगवान बुद्धको दन्त दातुलाई लुकाएर श्री लंका सम्म पुऱ्याएकी थिइन् ।

वर्तमान कालमा संसारका प्रव्रजित महिला तथा गृहस्थ महिलाहरूले बुद्ध धर्मको प्रचार तथा पालना गरिरहेको विषयमा भन्नु भएको थियो ।

सन् १९८७ मा भारतको बुद्धगयामा सर्वप्रथम International Sakyadhita को सम्मेलन भएको थियो । प्रत्येक दुई वर्षमा विभिन्न राष्ट्रमा सम्मेलन हुँदै आइरहेको छ । हालै मात्र १७ औ सम्मेलन अष्ट्रेलिया मा भएको थियो ।

श्रद्धेय धम्मवती गुरूमांले बुद्ध धर्म र नारीहरू प्रति गरिरहनु भएको कार्यको प्रसंसा गर्नु भएको थियो । थिचिएर, दबिएर रहेका नेपाली नारीहरूलाई पुरूष समान पुऱ्याउन उत्साहजनक प्रयास गर्दै आउनु भएकोले खुशी व्यक्त गर्नु भएको छ ।

श्रद्धेय धम्मवती गुरूमांले वहाँ श्रद्धेय कर्म लेक्षे गुरूमांलाई धर्मोपहार बुद्ध मूर्ति प्रदान गर्नु भयो ।



Downloaded from http://www.dhamma.digital

शाक्यधिता नेपालका सहकोषाध्यक्ष अनिता मानन्धरबाट धन्यवाद ज्ञापन गरिएको थियो । अन्तमा श्रद्धेय धम्मवती गुरूमावाट ओवाद देशनाको साथै पुण्यानुमोदन गरी कार्यक्रमको समापन गरिएको थियो ।

## जरावग्ग

*२०७६ साल, फागुन २४ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राज भाइ तुलाधर*

**परिजिण्णमिदं रूपं, रोगनिद्धं पभङ्गुरं ।**
**भिज्जति पूति सन्देहो, मरणन्त हि जीवितं ॥**

यो शरीर विस्तारै जीर्ण हुँदै जान्छ, यसमा अनेक किसिमको रोग लाग्छ, यो नासवान छ । टुक्रा टुक्रन गरेर हेर्ने हो भने यो शरीर फोहरको डंगुर जस्तो लाग्नेछ, सवै जीवनको अन्त मृत्युमा नै हुनेछ ।

उत्तरा थेरी एक सय बीस वर्ष भइ सकेकी थिइन् । तर तिनीले लगातार तीन दिन सम्म आफुलाई प्राप्त भएको भिक्षा अरू भिक्षुहरूलाई दान दिइन् जसले गर्दा उनी धेरै कमजोर भइन् । चौथो दिन भिक्षाटनमा जाँदा एउटा सांगुरो सडकमा बुद्धसंग भेट भयो । बुद्धलाई नमन गरेर पछि हट्दा आफ्नै चीवरमा अल्झिएर तिनी लडिन् । बुद्धले उनीलाई करूणापूर्वक जीवनको नश्वरतालाई संझाउनु भएर माथिको गाथा व्यक्त गर्नु भयो । उपेदशको अन्तमा उत्तरा थेरीले श्रोतापत्ति फल प्राप्त गरिन् ।

**यानिमानि अपत्थानि, अलापूरेव सारदे ।**
**कापोतकानि अट्ठीनि, तानि दिस्वान का रति ॥**

शरद ऋतुका काम नलाग्ने सुकेको लौका छरपष्ट भए जस्तो यताउता छरिएका परेवाका हाड जस्तो सेतो रंग भएका यी हाडहरू हेरेर के को रमाइलो ?

पाँच सय जना भिक्षुहरूले ध्यानको एउटा तरिका सिकेर जंगलमा गएर ध्यान गर्न थाले । छिट्टै नै उनीहरूले गहिरो समाधि प्राप्त गर्न सफल भए र आफुहरू अर्हत भएको भन्ठाने । उनीहरू बुद्धलाई भेट्न भनी हिंडे । यो थाहा पाएर भगवानले आनन्दलाई भन्नु भयो, “पहिला उनीहरूलाई मसानमा पठाउन, त्यसपछि मात्रै मलाई भेट्न  जाऊ भन ।” भिक्षुहरूले आनन्दबाट भगवानको यस्तो कुरा सुने पछि उनीहरू सवै मसानमा गए । त्यहां उनीहरूले धेरै घीनलाग्दो शवहरू देखे । तर जव कुनै भर्खर ल्याएको शव देखे तब त्यसप्रति उनीहरू आकर्षित भए । तब उनीहरूले थाहा पाए कि अझै आफुहरूमा राग बांकी रहेछ । त्यसपटि बुद्ध यहाँ पुगेर यस्तो सेतो खैरो हाडहरूमा राग उत्पन्न गर्नु उचित हुन्छ र भनेर प्रश्न गर्दा माथिको गाथा व्यक्त गर्नु भयो । उपदेशको अन्तमा ती पाँच सय जना भिक्षुहरू सबै अरहन्त भए ।

**अट्ठीनं नगरं कतं, मंसलोहितलेपेनं ।**
**यत्थ जरा च मच्चु च, मानो मक्खो च ओहितो ॥**

अस्थिपंजरले वनेको(शरीररूपी) यो सहरलाई मांस र रगतले लिपेको छ । यसभित्र बुद्धत्व, मृत्यु, अभिमान, मात्सर्य आदि लुकेर वसेका छन् ।

जनपदकल्याणी प्रजापति गौतमीकी छोरी थिइन् । धेरै राम्री भएकी हुनाले तिनीलाई रूपनन्दा पनि भनिन्थ्यो । आफ्नो पति नन्द र नजीकका सवै भिक्षु भिक्षुणी भइसकेकोले उनीले धेरै एक्लो अनुभव गरीन् । त्यसैले आफु पनि भिक्षुणी भइन् । भिक्षुणी भएर पनि उसमा आफ्नो रूपप्रति आशक्ति बांकी नै थियो । बुद्धले उसको लागि एउटा उपाय सोच्नु भयो र आफ्नो रिद्धि शक्ति द्वारा एउटा अत्यन्त सुन्दर केटी उत्पन्न गरेर आफुलाई पंखाले हम्काईराखेको देखाउनु भयो । रूपनन्दाले सोच्न थाल्यो मेरो पनि यसरी नै अन्त हुनेछ । तिनीमा धर्मसंवेग उत्पन्न भए पछि माथिको गाथा व्यक्त गरेर भगवानले उपदेश दिनु भयो र रूपनन्दाले श्रोतापत्ति फल प्राप्त गरीन् ।

**जीरन्ति वे राजरथा सुचिता, अथो शरीररम्पि जरं उपेति ।**
**सतञ्च धम्मोन जरं उपेति, सन्तोहवे सब्भि पवेदयन्ति ॥**

राम्ररी सजाइएको राजरथ जीर्ण भएर गए झैं हाम्रो शरीर पनि जीर्ण भएर जान्छ, तर शुद्ध व्यक्तिको सद्धर्म कहिल्यै जीर्ण भएर जांदैन । सत्पुरूषहरू आफु आफुमा यस्तै कुरा गर्ने गर्दछन् ।

कोसल नरेश प्रसेनजीतकी महारानी मल्लिकाले जीवनभर धेरै पुण्य कर्म गरेकी थिइन् । तर जीवनको अन्त्यतिर गरेको एउटा अकुशल कर्मको कारणले तिनीको मनमा धेरै पश्चाताप भयो । मृत्युपछि नरकलोकमा उत्पन्न भयो । सात दिन सम्म नरक भोगे पछि तुषित देवलोकमा पुनर्जन्म भयो । त्यस दिन भगवान प्रसेनजीतको दरबारमा भिक्षाको लागि जानु भयो । भगवानबाट मल्लिका तुषित देवलोकमा जन्मेको कुरा थाहा पाएर राजा धेरै खुशी भयो ।अनि भगवानलाई भने, “भन्ते, मल्लिका अब छैन, मैल के गर्ने मलाई



Downloaded from http://www.dhamma.digital

थाहा छैन ।" भगवानले उसलाई भन्नु भयो "तिम्रो बाबु बाजेको यी रथहरू हेर । यी सबै जीर्ण भएर निकम्मा भई सकेका छन्, त्यस्तै नै तिम्रो शरीर पनि हेर जो जीर्ण हुंदै जान्छ र अन्त्यमा मृत्यु प्राप्त गर्नेछ । सत्पुरूषले गर्ने धर्म मात्रै नाश हुनुबाट बच्छ ।" तथागतले कोसल नरेशलाई सद्धर्ममा लागिरहन प्रेरित गर्नु भयो ।

## बुद्धको पूर्व जन्म सम्बन्धी ज्ञान

*२०७६ माघ ११ गते*

**विषय- महापदान सुत्त (दीर्घनिकाय)**

*प्रवक्ता- उर्मिला ताम्राकार*

*प्रस्तुति- मिनरबती तुलाधर*

यस दिन उर्मिला ताम्राकारले महापदान सुत्त अर्न्तगत बुद्धको पूर्व जन्म सम्बन्धी ज्ञानको विषयमा बताउनु भएको थियो ।

**सप्त तथागत** - (१) विपस्सि तथागत (२) सिखी तथागत (३) वेस्सभू तथागत (४) ककुसन्ध तथागत (५) कोणागमन तथागत (६) काश्यप तथागत (७) शाक्यमुनि तथागत ।

**पूर्व बुद्धहरूका जाति -**

(१) विपस्सि भगवान अरहत सम्यक सम्बुद्ध क्षेत्री जातिका हुनुहुन्थ्यो । (२) सिखी (३) वेस्सभू क्षेत्री जातिको हुनुहुन्थ्यो (४) ककुसन्ध (५) कोणागमन (६) काश्यप भगवान ब्राह्मण जातिका हुनुहुन्थ्यो । (७) शाक्यमुनि गौतम बुद्ध क्षेत्री जातिको हुनुहुन्थ्यो ।

**पूर्व बुद्धहरूका गोत्र -**

विपस्सि, सिखी, वेस्सभू – कोण्डन्य गोत्रका हुनुहुन्थ्यो । ककुसन्ध कोणगमन, काश्यप - काश्यप गोत्रका हुनुहुन्थ्यो । शाक्यमुनि बुद्ध गौतम गोत्रका हुनुहुन्थ्यो ।

**बुद्धहरूका आयु प्रमाण -**

१) विपस्सि भगवान अर्हतको आयु - ८० हजार वर्ष
२) सिखी बुद्धको अर्हतको आयु – ७० हजार वर्ष
३) वेस्सभू अर्हतको आयु – ६० हजार वर्ष
४) ककुसन्ध बुद्धको आयु – ४० हजार वर्ष
५) कोणा गमन बुद्धको आयु – ३० हजार वर्ष
६) कास्यप बुद्धको आयु – २० हजार। वर्ष
७) गौतम बुद्धको आयु – १०० बर्ष

**बोधिवृक्ष -**

१) विपस्सि बुद्ध – पातलि वृक्ष मुनि अभिसम्बुद्ध हुनु भयो ।
२) सिखी बुद्ध – पुण्डरिक वृक्षमुनि
३) वेस्सभू बुद्ध – शालवृक्षमुनि
४) ककुसन्ध बुद्ध – शिरिष वृक्ष मुनि
५) कोणागमन बुद्ध – उदुम्बर वृक्ष मुनि
६) कास्यप बुद्ध – निग्रोध वृक्ष मुनि
७) शाक्यमुनि बुद्ध – अस्सत्थ (पीपल वृक्ष मुनि)

**अग्रश्रावकहरू -**

विपस्सि बुद्धका अग्रश्रावकहरू **खण्ड** र **तिश्य** थिए । सिखी बुद्धका **अभिभू** र **सम्भव** थिए । वेस्सभू बुद्ध– **सोण** र **उत्तर** ।

ककुसन्ध बुद्ध– विधुर र सञ्जीव, कोणा गमन बुद्ध– भीयोसु र उत्तर काश्यप बुद्ध – तिस्स र भारद्वाज, शाक्य मुनि बुद्ध – सारिपुत्र र मोद्गल्यायन हुन् ।

**अग्र उपस्थापक -**

विपस्सि बुद्धका – अशोक, सिखी – खेमंकर वेस्सभू – उपशान्त, ककुसन्ध बुद्धिज, कोणागमन स्वस्तिक काश्यप – सब्बमित्त, गौतम - आनन्द ।

*(१२२ औं कक्षा)*

*२०७६ फागुन १७ गते*

## विषयः देवदुत वग्गो, तिक निपात

( अंगुत्तर निकाय )

*प्रस्तुति- सुर्य काजी शाक्य*

*प्रवचक- प्रा.मदन रत्न मानन्धर*

**२. आनन्द सुत्त -**

यस दिन प्रा.मदन रत्न मानन्धर ज्यूले आनन्द सुत्रको ब्याख्या गर्नुभयो । यस सविज्ञानक शरीर भित्र र वाहिर अहंकार, ममत्व र मान अनुसय नभएको समाधि प्राप्त हुने सम्वन्धमा भिक्षु आनन्दले सोध्नु भएको प्रश्नको भगवान बुद्धले दिनु भएको जवाफ यस सुत्रमा उल्लेख छ ।

१. यस सविज्ञानक शरीर भित्र पनि वाहिर पनि अहंकार, ममत्व र मान अनुभव नभएको समाधि लाभ हुन सक्ने कुरा  भगवान बुद्धले वताउनु भयो

२. यस सविज्ञानक शरीर भित्र पनि र शरीर बाहिर पनि चित्त विमुक्ति र प्रज्ञा विमुक्ति प्राप्त गरी विहार गर्दा



Downloaded from http://www.dhamma.digital

अहंकार, ममत्व र मान अनुसय नहुने गरी विहार गर्न सकिन्छ भनी भगवान बुद्धले वताउनु भयो ।

३. अहंकार ममत्व र मान अनुसय नभएको समाधि कसरी प्राप्त हुन्छ भन्ने प्रश्नको उत्तरमा भगवान बुद्धले वताउनु भएको छ कि यहि शान्त र उत्तम छ, जुन यो सबै संस्कारको नाश, सवै आशक्तिको त्याग, तृष्णाको क्षय हो । निरोध हो, निर्वाण हो, यसरी चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई प्राप्त गरी विहार गर्दा यो समाधि लाभ हुने हो, यसरी विहार गर्न सकिन्छ ।

यसलाई स्पष्ट पार्नु हुँदै भगवान बुद्धले भन्नु भयो, "संसारको यताको वारी र उताको पारीलाई ज्ञानले जानेर जस्को मनमा कुनै चञ्चलता हुँदैन, ति शान्त, दुश्चरित्र नभएको दुःख रहित पुरूषले जाति जरालाई पार तरेर गयो ।"

## प्रव्रजित गुबलें पतन जुइमखु ... ...

देय्या कुरर घर नगरयाम्ह । वं क्वः छि मूवंगु तिसा जक सी । थुलि तःमिम्ह सोण कुटिकष्ण प्रव्रजित जुल ।

पिप्फलायन माणवया जन्म ब्राह्मणी सुमना देवीया क्वखं जूगु खः । पिप्फलायन माणव अतिकं तःमि । वया खँ अर्थकथा दुने थुकथं न्हयथनातःगु दु । वया ख्वीगू पुखु दु । भिंनिगु योजन बुँ दु । अनुराधपुर अर्थात यैं थेंज्याःगु भिंप्यंगू गां दु । ८७ क्वःति धन दु । थुकथं अपार सम्पत्तिया मालिक माणव । थुगु सकतां श्रीसम्पत्तिया मालिक माणव । थुगु सकतां श्रीसम्पत्ति त्याग यात । अले व नं प्रव्रजित जूवन ।

भद्रा कापिलानी सागल नगरयाम्ह । अल्याख सम्पत्ति दुगु कुलय् जन्म जूम्ह । वया ब्याहा पिप्फलायन माणवनापं जुल । थः भाःत माणवं प्रवजित जुइगु खँ न्हयथन । वया खँ न्यनाः भद्रा नं प्रव्रजित जुल । भद्रा श्रीसम्पत्तिया मालिक्नी जुइ दुम्ह । आरामं याउँक जीवन हने दुम्ह । तर वं नं श्रीसम्पत्ति भोग विलास व आराम याये मखन । उकी लय्ताये मफुत । उकिं वं नं प्रव्रजित जीवन नाला काल ।

प्रव्रजितं श्रीसम्पत्ति जक मखु । थः मांअबु, कलाः सन्तान तकं त्याग याई । सन्तोषी जुई । सुखं च्वनी । धर्मय् न्ह्इपुकी । धर्मया चिन्तन याइ । अनुस्मरण याइ । सद्धर्म थुइकी । थुकथं ब्यवहार याइम्ह प्रव्रजित गबलें) पतन जुइमखु । ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९० मंसिर ६ गते, सोमवार*

*दिवंगत :*
*वि.सं. २०७७ जेठ ३० गते, शुक्रवार*

## दिवंगत धनबहादुर नकर्मी

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य उपासक **धनबहादुर नकर्मी** दिवंगत जुयादिल । दुःखं कःगु थुगु इलय् वय्कःया छयेंजःपिन्सं संसारया अनित्य, दुःख व अनात्म नियमयात थ्वीकाः धैर्य धारण याय् फय्मा । दिवंगत उपासकया नं सद्गति प्राप्त जुसे याकनहे निर्वाणया हेतु चूलाय्मा धकाः कामना याना ।

**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**
श्रीघः नःघः, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# बर्मा र थाइलैण्ड देश भ्रमण



*तीर्थयात्री समूह*

धर्मकीर्ति विहारको आयोजनामा संचालित तीर्थ यात्रा कार्यक्रको सिलसिलामा भिक्षुणी धम्मवती गुरूमांको अनुमतिबाट भिक्षुणी केशावती गुरूमांको संयोजकत्व एवं भिक्षुणी पञ्ञावती गुरूमांको सहयोगमा ४० जना यात्रीहरूको समूहले वर्मा र थाइलैण्ड दुई बौद्ध – देशहरूको तीर्थयात्रा गरिएको छ ।

मिति २०७६ पौष १८ गते देखि माघ ३ गते सम्म संचालित उक्त कार्यक्रम भ्रमण गरिएका तीर्थस्थलहरू को नाम यसरी उल्लेख गरिएका छन् ।

(१) स्वेदगों चैत्य रंगुन
(२) च्याइथियू चैत्य
(३) महामुनीफया माण्डले
(४) नेपिडो
(५) सगाईं हील
(६) झगाइँ, मिनगहुँ, अमरापुर विहार, सम्बुद्धे

UBein Wooden Bridge (दुई कि.मि. भन्दा लामो काठको पुल ।

(७) वर्मी नेपाल विहार (गुणवती गुरूमांको विहार) रंगुन ।

वर्मामा १० दिन भ्रमण सम्पन्न गरी यात्री टोली थाइलैण्ड पुगेका थिए । थाइलैण्डमा भ्रमण गरिएका स्थानहरू–

फतया, विगु बुद्ध, लेजर बुद्ध, संघराज विहार, मिनि श्याम, वातफो, वाट मिट, वात साकेत, वात अरूण, सफारी वर्ल्ड, पन्नाको भगवान

Emerald Buddna मारीन पार्क, नरोम पठोम चैत्य, बुद्ध मण्डोल, अयुध्या प्राड धम्मकाय इतयादि ।

यात्राको अन्तिम दिनमा प्रव्रजित गुरूमांहरूको विहार शान्तिसुख विहारमा थाई गुरूमांहरू र नेपाली गुरूमांहरू गरी जम्मा ५० जना गुरूमांहरूलाई तीर्थयात्रा समूहले भोजन दान गरी गुरूमांहरूबाट पवित्र परित्राण पाठ गरियो ।

यसरी वर्मा थाइलैण्ड तीर्थयात्री समूहको तर्फबाट धम्मवती गुरूमां स्वास्थ्य कोषको लागि रू. ५०,०००।- रकम चन्दा प्रदान गरिएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

## ३५ औं परियत्ति वकतृत्त्वकला प्रतियोगिता

*२०७७ फागुण १७ गते, शनिवार ।*
*स्थान- सुर्वण छत्रपुर विहार लुभु ।*

परियत्ति वक्तृत्त्वकला सञ्चालक समितीको आयोजना एवं सुवर्ण छत्रपुर विहार लुभुको व्यवस्थापनमा ३५ औं वक्तृवत्त्वकला प्रतियोगिता सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार श्रद्धेय बोधिज्ञान भन्तेले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम समाजसेवी मोतीलाल शिल्पकारको सभापतित्त्वमा वडा सदस्य अम्बिका श्रेष्ठको प्रमुख आतिथ्यमा संचालित उक्त प्रतियोगितामा उपत्यकाका १५ वटा परियत्ति केन्द्रहरू सहभागी भएका थिए । कार्यक्रममा सुवर्ण छत्रपुर परियत्ति केन्द्रका स्वस्तिका महर्जन प्रथम भास्सरा परियत्ति केन्द्रका युशा शाक्य द्वितीय र श्री शाक्य सिंह परियत्ति तथा प्रौढ शिक्षालयका सिम्रन सिंह तृतीय भएको थियो । प्रत्येक चार महिनामा आयोजना हुने उक्त प्रतियोगिताको ३६ औं प्रतियोगिताको व्यवस्थापन जिम्मा विश्व शान्ति विहार मीन भवन काठमाडौंलाई हस्तान्तरण गरिएको विषयलाई पनि समाचारमा उल्लेख गरिएको छ ।

## मैत्री बोधिसत्त्व विहार

### जमः बहालय् बुद्ध पूजा व धर्मदेशना

*२०७६ फागुण २० गते, मंगलबार*
*चिल्लाथ्व (चीर स्वायगु अष्टमी)*

मैत्री बोत्रिसत्त्व विहार जमलय् थुकुन्हु कुसुम गुरूमांनं बुद्धपूजा ज्याभ्वः न्हयाकाबिज्यासे धर्मदेशना यानाबिज्याःगु खः ।

धर्मकीर्ति ज्ञानमाला भजन पाखें ज्ञानमाला भजन प्रस्तुत जूगु उगु ज्याभ्वले दानकेशरी शाक्य, हरीवदन वज्राचार्य, चिनीदेवी शाक्य व मथुरा शाक्य आदि पाखें जलपान प्रायोजन यानाः पुण्य सञ्चय यानादीगु खः । जलपान दातापिनि पाखें ध.की. ज्ञानमालायात चन्दा स्वरूप रू. ३,०००।– प्रदान यानादीगु खः ।



**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. २००० आश्विन १०*

*दिवंगत :*
*वि.सं. २०७६ माघ १६*

## दिवंगत चन्द्र धंगु महर्जन

अनन्त गुणं सम्पन्नम्ह जिमि बाः चन्द्र धंगु महर्जन दिवंगत जुयादिल । वयकःयागु सुगति व निर्वाण कामना यासे वय्कःया पुण्यस्मृतिस पुण्यानुमोदन यानाच्वना । थुगु दुःखद घडी जिमिगु मनं धैर्य धारण याय् फयक बिचाः हायका द्यूपिं सकल थःथिति व पासा भाईपिन्त साधुवाद देछानाच्वना ।

**दाजु – हरी धंगु महर्जन**

*कायपिं – काय् भौपिं :*
**गोबिन्द – मनमाया धंगु महर्जन**
**रामेश्वर – नारायण देबी धंगु महर्जन**
**बाबु राम – मीना धंगु महर्जन**

*कायपिं – काय् भौपिं :*
**बिष्णु – सप्रिना धंगु महर्जन**
**सुजेन्द्र – कमला धंगु पौडेल**

*म्हयाय्पिं :*
**रूकमणी महर्जन**
**रूपा महर्जन**



Downloaded from http://www.dhamma.digital